# परिच्छेद एकः

## परिचय

### १.१ पृष्ठभूमि

मानव सभ्यताको विकाससंगै महिला तथा पुरुषवीचको लैङ्गिक असमानता क्रमश बढ्दै गएको पाइन्छ । लिङ्ग भनेको महिला तथा पुरुषवीचको त्यो जैविक वा प्राकृतिक भिन्नता हो, जुन स्थायी वा अपरिर्वतनशील हुन्छ । लैङ्गिक असमानता भनेको महिला तथा पुरुषवीचको त्यो अजैविक वा कृतिम भिन्नता हो जसले समाजमा महिला वा पुरुष भएको आधारमा फरक फरक व्यवहार तथा भूमिका निर्धारण गर्दछ । यसरी यो शारीरिक बनावटका कारण नभई सामाजिक मूल्य मान्यता तथा परिपाटीका आधारमा हुने हुनाले लैङ्गिक असमानता अस्थायी हुन्छ । यसलाई परिवर्तन गर्न सकिन्छ । बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको पुर्नस्थापनापछि पनि लैङ्गिक असमानता कम गर्न महिलाहरुको पक्षमा थुप्रै कार्य भएका छन् । तर यसको फाइदा भने केही  सचेत उच्चवर्गका महिलाहरुले मात्र लिएका छन् । आजसम्म पनि हाम्रो समाजमा महिला पुरुषवीच अवसर, पहुँच र नियन्त्रणमा ठूलो भेदभाव छ । उदाहरणार्थ हाम्रो देशमा पुरुषको पहुँच ८८ प्रतिशत छ भने महिलाको १२ प्रतिशत छ । त्यस्तै जग्गाको स्वामित्व सम्बन्धमा पुरुषको भू-स्वामित्व ८०.२९ प्रतिशत छ तर महिलाको १९.७१ प्रतिशत मात्र । ७४.२७ प्रतिशत घरको स्वामित्व पुरुषमा छ भने २५.७३ प्रतिशतमात्र महिलाको देखिन्छ ।

(जनगणना-२०६८) राजनीतिमा पुरुष ८७ प्रतिशत देखि ९५ प्रतिशतसम्म सहभागी छन् भने महिला बढिमा ५ प्रतिशत देखि १३ प्रतिशतसम्म सहभागी छन् । नीति निर्माण तहजस्तो महत्वपूर्ण एवं सम्बेदनशील क्षेत्रमा महिलाहरुको सक्रिय र गुणात्मक सहभागिता लैङ्गिक समानताको लागि अपरिहार्य छ, (नारी मासिक, २०६३:१०)  ।

शिक्षामा लैङ्गिक समानताको कुरा गर्दा हाम्रो देशको कुल साक्षरता प्रतिशत ६५.९ जसमा महिला साक्षरता ५७.४ प्रतिशत छ भने पुरुष साक्षरता दर ७५.१ छ । (राष्ट्रिय जनगणना

२०६८) । यसबाट वालवालिका शैक्षिक अवस्था ज्यादै नाजुक देखिन्छ । महिलाको सामाजिक, आर्थिक, शैक्षिक एवं राजनैतिक स्तर ज्यादै न्यून छ । ग्रामीण क्षेत्रमा पुरुषको साक्षरता ६३ प्रतिशत छ भने महिलाको ३९.६ प्रतिशत मात्र छ । त्यसैगरी सहरी क्षेत्रका पुरुषहरु ८१.२ प्रतिशत साक्षर छन् भने महिला साक्षरता केवल ६१.९ प्रतिशत देखिन्छ ( नारी मासिक, २०६३ : ८) ।

नेपालको शैक्षिक इतिहासलाई केलाएर हेर्ने हो भने औपचारिक शिक्षा विकासको इतिहास त्यति लामो देखिदैन । शिक्षा विकासको दृष्टिले वि.सं. २००७ सालको प्रजातन्त्र प्राप्त पूर्वनै आधुनिक शिक्षाको इतिहास सुरु भएको मानिन्छ । नेपालको शिक्षा विकासको इतिहासलाई निम्न अनुसार अध्ययन गर्न सकिन्छ ।

१ प्राचिन काल : वि.सं. १९०३ भन्दा अगाडिको समय ।

२. मध्यकाल : वि.सं. १९०३ देखि वि.सं. २००७ साल सम्मको समय ।

३. आधुनिक काल : वि.सं. २००७ साल देखि हाल सम्म ।

अधिकारी (२०६०) का अनुसार नेपालमा  अंग्रजी शिक्षाको सुरुवात वि.सं. १९१० असोज २७ गते स्थापना भएको दरबार स्कूलसंगै सुरु भएको पाइन्छ । जुन स्कूल दरबार भित्र मात्रै सिमित थियो र सर्वसाधारणको लागि यो स्कूलमा ढोका खुला थिएन । वि.सं. १९९० मा नेपालमा पहिलो पटक एस्.एल्.सी. बोर्ड गठन हुँदा दरबार स्कूल र पाटन हाइस्कूल गरी २ वटा मात्र हाइस्कूल थिए । पहिलो पटक नेपालमै एस्.एल्.सी. दिएर पास भएका १९ जना विद्यार्थी मध्ये एक जना छात्रा प्रयाराज्य लक्ष्मी थिइन् । यसबाट छोरीले पढ्नु पर्छ भन्ने मानसिकताको विकास राणाकालमा पनि रहेछ भन्ने पुष्टि हुन्छ । त्यसैगरी वि.सं. २००७ सालमा नेपालमा प्रजातन्त्रको स्थापना हुँदा कुल साक्षरता २ प्रतिशत मात्र थियो ।

प्रजातन्त्रको स्थापनासंगै शिक्षामा विकास सर्वत्र गरिनुपर्दछ भन्ने विचारका साथ विभिन्न आयोग तथा समितिहरु गठन हुँदै गए विद्यालयहरु पनि धमाधम स्थापना भए । यसै क्रममा देशको बदलिदो राजनीतिक परिवेश अनुसार शिक्षा क्षेत्रमा सुधार र विकासका लागि वि.सं. २००९ सालमा 'राष्ट्रिय शिक्षा बोर्ड' को गठन भयो । उक्त बोर्डले देश ब्यापी राष्ट्रिय शिक्षा योजना तयार पार्न शिक्षा मन्त्रालयलाई राष्ट्रिय शिक्षा योजना आयोगको गठन गर्न सिफारिस गरे अनुरुप वि.सं. २०१० चैत्र ९ गते 'राष्ट्रिय शिक्षा योजना आयोग' को गठन

गरिएको थियो । यस आयोगले तत्कालिन अवस्थामा र आवश्यकताको सोध खोज तथा प्राथमिक देखि उच्चतह सम्मको शिक्षा योजना समावेश गरी वि.सं. २०१७ सालको राजनैतिक परिवर्तनसंगै पंचायती व्यवस्था अनुकुलको शिक्षा प्रणाली लागु गर्ने उद्देश्यले राजा महेन्द्रबाट वि.सं. २०१८ बैशाख २५ गते 'सर्वाङ्गिण राष्ट्रिय शिक्षा समिति' को गठन गरिबक्स्यो । यस समितिले प्राथमिक शिक्षा ५ वर्षको, माध्यमिक शिक्षा ६ वर्षको र उच्चशिक्षा ३ वर्षको हुने गरी सिफारिस गऱ्यो (एन.एन ई.पी.सी. १९५४, ए.आर.एन.ई.सी-२००८) ।

नेपालमा योजना बद्धरुपमा शिक्षाको विकास गर्ने निरन्तर प्रयासहरु भइ रहे पनि गुणात्मक शिक्षाको विकास र विस्तार नहुनका साथै अनेक विकृति, कमजोरी र समस्याहरु समाधान गर्न  सरकारद्वारा वि.सं. २०२८ बैशाख ३ गते विधिवत रुपमा 'राष्ट्रिय शिक्षा पद्धतिको योजना' घोषणा गरियो । यस योजनाले कक्षा १ देखि ३ सम्म प्राथमिक तह, कक्षा ४ देखि ७ सम्म निम्न माध्यमिक तह तथा कक्षा ८ देखि १० सम्मलाई माध्यमिक तह मानेको थियो । माध्यमिक तहमा ब्यवसायिक शिक्षा दिई दक्ष नागरिक तयार गर्ने उद्देश्य राखेको थियो । माध्यमिक तहलाई साधारण, ब्यवसायिक, सस्कृत गरी ३ प्रकारमा बाँडेको थियो (एन.ई.एस.पी. १९७२-१९७५) ।

अन्तरिम संविधान (२०६३) को भाग ३ को धारा १८ मा शिक्षा तथा संस्कृति सम्बन्धी हकको ब्यवस्था गरेको छ । त्यस्तै भाग ५ को धारा २७ को उपधारा ६-१० सम्म शिक्षा सम्बन्धी ब्यवस्था र रोजगारको विशेष ब्यवस्था, बालबालिकाको निम्ति निःशुल्क शिक्षाको ब्यवस्था, अनाथ बालबालिकाको असहाय महिला, वृद्ध, अपाङ्ग र अशक्तहरुको संरक्षण र उन्नतिका लागि शिक्षा स्वास्थ्य र सामाजिक सुरक्षाको विशेष ब्यवस्था, विज्ञान तथा प्रविधिको विकास पर्दछन् ।

सू-सभ्य समाज निर्माण गर्नका लागि पुरुष र महिलाको महत्व पूर्ण स्थान रहेको पाइन्छ । तसर्थ कुनै एक पक्षको विकास हुँदैमा विकासले पूर्णता प्राप्त गर्न सक्दैन । भनिन्छ आमा शिक्षित भएमा सम्पूर्ण परिवारनै शिक्षित हुन्छ । तर हाम्रो जस्तो गरिवीको रेखा मुनि रहेको देशहरुमा अन्धविश्वास र रुढीबादीको कुचक्रमा परेका हुनाले छोरीको शिक्षाप्रति

अभिभावकहरुले त्यति चासो देखाएको पाइदैन । महिलाहरुलाई परिवार, समाज र राष्ट्रको सामाजिक, आर्थिक, राजनीतिक क्रियाकलापमा सहभागी हुन शिक्षाको अति आवश्यक पर्दछ । समाजमा आफ्नो अधिकारको पहिचान र सदुपयोग गरी देश विकासमा सहभागी गराउन पनि उनीहरुलाई शिक्षाको आवश्यकता पर्दछ ।

श्रेष्ठ, चन्द्रबहादुर (२०५८) का अनुसार नेपालमा औपचारिक शिक्षाको सुरुवातसंगै महिलाहरुले शिक्षामा समान अवसर नभएता पनि महिला शिक्षाको औपचारिक सुरुवात वीरशमशेरको पालामा भारतीय गंगा वाहीले सुरु गरेका थिए । त्यसपछि चन्द्रशमशेरले काठमाण्डौंको ढोका टोलमा वि.सं. १९८० मा एउटा कन्या पाठशाला स्थापना गरी महिला शिक्षालाई अघि बढाउने प्रयास गरेका थिए । वि.सं. १९७६ मा स्थापित त्रि-चन्द्र कलेजमा वि.सं. २००४ मा गएर ४ जना छात्राहरु भर्ना भएका थिए ।

महिलाहरुलाई पनि शिक्षामा समान अवसर दिनुपर्छ भन्ने अभिप्रायले वि.सं. २०२७ मा यूनिसेफको आर्थिक सहयोगमा ‘महिलाहरुको निम्ति शिक्षामा समान अवसर’ कार्यक्रम शिक्षा मन्त्रालयबाट सञ्चालन भएको थियो । परियोजनाले महिलालाई तालिम दिई प्रा.वि.को शिक्षक बनाउने कार्यक्रम सर्वप्रथम वि.सं. २०२८ सालमा पृथ्वीनारायण क्याम्पस पोखरामा शुरु भएको थियो । त्यस पछि वि.सं. २०३० मा धनकुटा, वि.सं. २०३६ मा जुम्ला क्याम्पसमा सञ्चालन भएको थियो । साथै यो परियोजनाले एस.एल.सी. पास गरेका छात्रालाई ए लेवलको तालिम र १० कक्षा पास गरेको छात्रलाई वी लेवलको तालिम गरेको प्रा.वि.को शिक्षक बनाउने कार्यक्रम संचालन गरेको थियो । हाल आएर छात्र र छात्राहरुवीचको शिक्षामा देखिइएको फराकिलो खाडललाई साँगुरो बनाउँदै शिक्षामा समानता ल्याई विकास कार्यमा महिलाहरुको सहभागिता बढाउन तथा महिलालाई विकासको मूल धारमा समाहित गराउन शिक्षा तथा खेलकुद मन्त्रालयबाट वि.सं. २०५९ साल देखि सञ्चालित विभिन्न शैक्षिक कार्यक्रमका साथै विद्यालयमा महिला शिक्षालाई विस्तार गर्ने क्रममा हाल शिक्षा विभाग अन्तर्गत सञ्चालित कार्यक्रम निम्न छ (प्रधान भूवनेश्वर, २०६०) ।

१. राष्ट्रिय छात्रवृत्ति कार्यक्रम

२. आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम

राष्ट्रिय छात्रवृत्ति कार्यक्रम

यो कार्यक्रम विद्यालय शिक्षाबाट वाहिर रहेका वालवालिकाहरुलाई पढाइप्रति आकर्षित गरी औपचारिक शिक्षामा समाहित गराई उनीहरुलाई विद्यालय टिकाउ गराउन तथा वीचैमा छोड्ने प्रवृतिलाई निरुत्साहित गरी शिक्षामा निरन्तरता दिनको लागि सञ्चालन गरिएको हो । यो कार्यक्रम २०५८ सालसम्म नियमित छात्रवृत्ति कार्यक्रमको रुपमा सञ्चालित थियो भने २०५८ साल देखि नेपाल सरकारले राष्ट्रिय छात्रवृत्तिको नामले सञ्चालित छ ।

आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम

विद्यालय शिक्षामा विद्यमान लैङ्गिक विभेदको दुरीलाई अझै साँगुरो बनाई समानतामा पुऱ्याउन टेवा पुगोस् भन्नाको लागि शिक्षा विभाग अर्न्तगत आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम सञ्चालित छ । वालिका शिक्षा कार्यक्रम अन्तरगत १७ वटा जिल्लाका दुई दुई गा.वि.स.मा गरी जम्मा ३४ वटा गा.वि.स.का (६-१०) वर्ष उमेर समूहका प्राथमिक तहमा अध्ययनरत छात्राहरुको लागि शैक्षिक सामग्री वापत रु.३००/ र नयाँ भर्ना भएका छात्राहरुको लागि विद्यालय पोशाक सिलाउनको लागि रु ५००/ का दरले प्रदान गरिने व्यवस्था छ । त्यस्तै छात्रा प्रोत्साहन छात्रवृत्ति अन्तर्गत कक्षा ५ को अन्तिम परीक्षामा ७५ जिल्ला भरिका नेपाल सरकारको अनुदान प्राप्त विद्यालयका छात्रा मध्ये प्रति जिल्ला प्रथम देखि १० औं स्थानसम्म उच्चस्थान प्राप्त गर्ने १० जना गरी जम्मा ७५० जना छात्रालाई प्रति छात्रा रु.१,०००/ का दरले प्रदान  गरिन्छ । माध्यमिक शिक्षा छात्रवृत्तिकार्यक्रम अर्न्तगत २५ जिल्लाका पिछडिएका गा.वि.स. स्थित माध्यमिक विद्यालयमा कक्षा ९ र १० मा अध्ययनरत छात्राहरुलाई १ शैक्षिक सत्रका लागि प्रति छात्रा रु १२००/ प्रदान गरिन्छ ( महिला शिक्षा, २०६० : ५३) ।

## १.२ समस्याको कथन

समाज २१ औं शताब्दीमा आइपुग्दा सम्म तथा चारैतिर शिक्षाको लहर छाएता पनि नेपाली समाजमा छोरीलाई छोरा सरह शिक्षा दिनु पर्दछ भन्ने मान्यता र सोचाइको विकास अझै हुन नसकेको देखिन्छ तापनि यो परिवर्तित परिस्थिति र ज्ञानको विकासका कारण यो मान्यता र सोचाइमा आशिंक रुपमा परिवर्तन भएको देखिन्छ । जुन कारण समाजमा छोरीको विद्यालय भर्ना हुने संख्यामा वृद्धिभएको देखिन्छ । तर धेरै जसो अभिभावकले छोरीलाई विद्यालय भर्ना गरेता पनि माध्यमिक तहसम्मको अध्ययन पूरा गर्न नपाउँदै स्कूल छुटाउने गरेको पाइन्छ । छोरीलाई विद्यालय भर्ना गर्ने अभिभावक मध्ये थोरैले मात्र छोरीलाई पनि छोरासरह समान शिक्षा र अवसर प्रदान गर्नु पर्छ भनि स्तरीय शिक्षाको लागि लैङ्गिक रुपमा भेदभाव नगरी छोरीलाई छोरा सरह अवसर प्रदान गरेको पाइन्छ । विद्यालय शिक्षामा छात्राको सहभागिता कमहुनु तथा पढ्दा पढ्दै वीचमा छाड्नु भनेको महिला शिक्षामा देखिएको समस्या हो ।

हाम्रो समाजमा लैङ्गिक समानता समय सापेक्ष हुन नसकेको पाइन्छ । जनसंख्या वृद्धिका कारण केही विद्यालयहरुमा छात्राहरुको संख्या बढि देखिएता पनि विद्यालय उमेरका छात्राहरुको तुलनामा छात्रहरुको संख्या उच्च रहेको पाउनुका साथै अभिभावकहरुमा छोरीप्रति गर्ने भेदभाव पूर्ण ब्यवहारलाई सुक्ष्म रुपमा अध्ययनगरी त्यसरीनै सम्बन्धित समस्याहरुको पहिचान गर्नु र ती समस्या समाधानका निमित्त सम्भाब्य उपायहरुको खोजी गर्नु आवश्यक छ । त्यसैले यस विषयको वास्तविकता उजागर गर्न विद्यालय शिक्षामा लैङ्गिक असमानताको स्थिति विषयलाई समस्याको कथनको रुपमा छनौट गरिएको हो । यस अध्ययनको समस्या कथनलाई प्रष्टपार्न निम्न अनुसन्धानात्मक प्रश्नहरु राखिएको छ ।

क. शिक्षामा लैङ्गिक असमानताको स्थिति के छ ?

ख. शिक्षामा लैङ्गिक समानतामा असर पुऱ्याउने तत्वहरु के के हुन् ?

ग. शिक्षामा लैङ्गिक समानताको लागि के कस्ता सुधारत्मक उपायहरु अपनाउन सकिन्छ ?

## १.३ अध्ययनको उद्देश्यहरु

यस अध्ययनका निम्न उद्देश्यहरु रहेका छन् :

१. शिक्षामा लैङ्गिक असमानताको स्थितिको लेखा-जोखा गर्नु ।

२. शिक्षामा लैङ्गिक असमानताका कारणहरु पहिचान गर्नु ।

३. शिक्षामा लैङ्गिक समानताको लागि सुधारात्मक उपायहरुको खोजी गर्ने ।

## १.४ अध्ययनको औचित्य

कुनै पनि विषयमा गरिने अध्ययन तथा अनुसन्धान चुनौतिपूर्ण कार्य हो । अध्ययनको क्रममा समस्या कहाँ छ ? कारण के हो ? केलाउनु पर्ने हुन्छ । यहाँ 'विद्यालय शिक्षामा लैङ्गिक असमानता' शीर्षक रोज्नको कारणहरु निम्न अनुसार रहेका छन् ।

१. शैक्षिक क्षेत्रमा छात्र/छात्राहरुको असमान सहभागिताको पहिचान गरी योजनाविदहरुलाई योजना बनाउन सहयोग गर्न सक्छ ।

२. शिक्षामा लैङ्गिक असमानताको कारण पत्ता लगाउन सकिन्छ जसले गर्दा लैङ्गिक विभेद अन्त्य गर्न सहयोग पुग्दछ ।

३. अभिभावकको छोरा र छोरीलाई दिइने शिक्षा प्रतिको दृष्टिकोण पत्तालगाउन ।

४. आगामी दिनमा लैङ्गिक असमानतालाई कम गर्दै लैजानका लागि सुझाव पेश गर्न ।

५. अध्ययनबाट प्राप्त, सूचनाको आधारमा शिक्षक, जिल्ला शिक्षा कार्यलय, क्षेत्रीय शिक्षा निर्देशनालय, पाठ्यक्रम निर्माता तथा शैक्षिक संगठनलाई योजना नीति निर्माणमा सघाउ पुऱ्याउन ।

## १.५ अध्ययनको सीमा

अध्ययनलाई बैज्ञानिक बनाउन यसका निश्चित सीमा तोकिनु छ निम्न सीमा भित्र रहेर यो अध्ययन पूरा गरिएको छ ।

१. संखुवासभा जिल्ला खाँदबारी नगरपालिकाका सामुदायिक विद्यालय मध्येबाट तीनवटा श्री आर्दश माध्यमिक विद्यालय, पिप्ले, श्री वागीश्वरी उ.मा.वि. ढुङ्गेधारा र आर्दश विद्या

मन्दिर माध्यमिक विद्यालय, पाठक गाउँ र संस्थागत मध्येबाट २ वटा विद्यालय वरुण सेकेण्डरी इङ्लिस स्कुल र सूर्य आवाशिय माध्यमिक विद्यालयलाई मात्र अध्ययनमा समावेश गरिएको छ ।

२. यस अध्ययनमा लैङ्गिक असमानताको स्थिति लेखाजोखा गर्न कक्षा ९ र १० का छात्र र छात्राको भर्ना, कक्षा छाड्ने, उत्तिर्ण अवस्था र विद्यालय उपस्थितिलाई आधार मानिएको छ ।

१.६ अध्ययनको संगठन

यस अध्ययनलाई परिच्छेद एक देखि अध्यय पाँच सम्मका विभिन्न शिर्षकहरुमा विभाजन गरि प्रस्तुत गरिएको छ । परिच्छेद एकमा परिचय खण्ड रहेको र यस अन्तर्गत अध्ययनको पृष्ठभूमि, समस्याको कथन, अध्ययनका उद्देश्यहरु, अध्ययनको औचित्य, अध्ययनको सिमा र अध्ययनको संगठन रहेका छन् । अध्ययन दुईमा सन्दर्भ साहित्यको पुनरावलोकन र सैद्धान्तिक समिक्षा रहेको छ । यस अन्तर्गत सामान्य समिक्षा, सैद्धान्तिक समिक्षा र सम्बन्धित साहित्यको पुनरावलोकन रहेको छ ।

परिच्छेद तीनमा अनुसन्धान विधि रहेको छ भने यस अन्तर्गत अनुसन्धान ढाँचा, नमुना छनौट, तथ्याङ्कको स्रोत र प्रकृति तथ्याङ्क संकलन विधि रहेका छन् । परिच्छेद चारमा तथ्याङ्कको प्रस्तुतिकरण तथा विश्लेषण रहेको छ । यस परिच्छेद अन्तर्गत शिक्षामा लैङ्गिक असमानताको प्रभाव, राष्ट्र र जिल्लाको जनसंख्या विवरण, नगरपालिकाको जनसंख्या विवरण, सङ्खुवासभा जिल्लाको लिङ्गको आधारमा विद्यार्थी भर्ना, नमुनामा परेका विद्यालयमा छात्र/छात्राहरुको भर्नाको अवस्था, शिक्षामा लैङ्गिक असमानतामा असर पुर्‍याउने तत्वहरु, समाजको आर्थिक, सामाजिक, सांस्कृतिक तथा राजनैतिक अवस्थाले शिक्षाको लैङ्गिक समानतामा पारेको प्रभाव र शिक्षामा लैङ्गिक समानताका लागि सुधारात्मक उपाय सहितका सुझाव पेश गर्न रहेका छन् ।

अध्यान पाँचमा सारांसा, निष्कर्ष तथा सुझावहरु रहेका छन् र यस अन्तर्गत सारांश, प्राप्ती, निष्कर्ष सुझावहरु र थप अध्ययनका लागि सिफारिस रहेका छन् ।

यसरी यो अध्ययन पाँच परिच्छेद र त्यस अन्तर्गतका विभिन्न शिर्षक र उपशिर्षकहरुमा संगठित रहेको छ ।

# परिच्छेद दुईः

## अध्ययनको सैद्धान्तिक खाका तथा सम्बन्धित साहित्यको पुनरावलोकन

### २.१ सामान्य समिक्षा

शिक्षामा लैङ्गिक समानता विशेष चासोको विषय बनेको छ । सबैका लागि शिक्षाको पहुँच पुऱ्याउने भनिएता पनि सो पूरा सकेको देखिदैन । यी पक्षहरुमा खोज अनुसन्धान हुन आवश्यक देखिन्छ । यस सम्बन्धी पक्षको जनाकारीका लागि विगत् वर्तमान् र अनुमानित भविष्यको जानकारी हुनु आवश्यक छ । शिक्षाको विकासक्रम र ऐतिहासिक पृष्ठभूमि, विभिन्न शैक्षिक चिन्तन तथा सैद्धान्तिक आधार र सांस्कृतिक अवस्था भित्र रहेर लैङ्गिक असमानताको अध्ययन वर्णन गरिएको छ । नेपाली समाजमा शैक्षिक पहुँचमा के कस्ता चुनौती रहेका छन् ? शैक्षिक अवसर कस्तो छ ? भन्ने कुरा ऐतिहासिक विकासक्रमको आधारमा वर्णन गरिने छ । छात्राहरुलाई विद्यालय सहभागितामा प्रभाव पार्ने तत्वहरुको आधारमा अध्ययनलाई निस्कर्ष सम्म पुऱ्याईएको छ ।

### २.२. सैद्धान्तिक समिक्षा

त्यसै गरि विद्यालय शिक्षमा लैङ्गिक असमानताको स्थितिको अध्ययन संरचनात्मक प्रकार्यवादी सिद्धान्त र विभिन्न महिलावादी सिद्धान्तहरुमा आधारित भएर गरिएको छ । लैङ्गिक विभिन्नताको अवधारणा अन्तर्गत जैविकिय, संस्थागत र सामाजिक मनोबैज्ञानिक व्याख्यालाई स्थिति अध्ययन तथा विश्लेषणको आधार बनाईएको छ भने लैङ्गिक असमानताको अवधारणा अन्तर्गत उदार महिलावाद र मार्क्सवादी महिलावाद, लैङ्गिक दमनको अवधारण अन्तर्गत मनोविश्लेक महिलावाद, आमूल महिलावाद र समाजवादी महिलावादलाई पनि विश्लेषणको सैद्धान्तिक आधार बनाइएको छ । लैङ्गिक विभेद र असमानताको स्थिति अध्ययनमा सामाजिक विभेदीकरणको सिद्धान्तलाई समेत आधार बनाईएको छ ।

## २.३ सम्बन्धित साहित्यको पुनरावलोकन

विगत एकदशक यतादेखि देशमा भइरहेको राजनीतिक अस्थिरताले देश झन पछाडि परेको छ । यस्ता क्रियाकलाप बाट देशको सामाजिक आर्थिक राजनैतिक शैक्षिक स्वास्थ्य जस्ता विकासका लागि आधारभूत क्षेत्रहरुमा प्रत्यक्ष असर परेको छ । अझ भन्नु पर्दा शैक्षिक क्षेत्र बढी नै प्रभावित देखिन्छ । त्यसैले यस अध्ययनमा यस अगाडि गरिएका अध्ययन अनुसन्धान तथा त्यसबाट प्राप्त निष्कर्षहरु जुन महिलाको शिक्षा संग सम्वन्धित छन् तिनीहरुलाई समावेस गर्ने प्रयास गरिएको छ ।

घिमिरे (२०६१) का अनुसार संस्थागत र सामुदायिक विद्यालयमा छात्राहरुको सहभागिता तुलनात्मक अध्ययनमा निम्न कुराहरु देखाइएको पाइन्छ ।

१. राज्यले सबैका लागि समान शिक्षा भनेर घोषणा गरेता पनि ब्यवहारमा प्रयोग नभएको, त्यस्तै छोरा छोरीलाई शिक्षाको उज्यालो घामबाट बञ्चीत गरिनुहुन्न भनेता पनि ब्यवहारमा प्रयोग नभएको देखिन्छ ।
२. विद्यालय भर्ना, विद्यालय छाड्ने तथा विद्यालय उपस्थितिमा केटा र केटीमा भिन्नता छदैछ साथै सामुदायिक र संस्थागत विद्यालयका केटीहरुमा मात्रै यो भिन्नता रहेको छ ।
३. यसरी भिन्नता देखिनुको पछाडि अभिभावकको अशिक्षा, गरिवी, सामाजिक तथा सांस्कृतिक मान्यता र चेतनाको कमी जिम्मेवार रहेको देखिन्छ ।

निष्कर्षमा यो भन्न सकिन्छ कि अभिभावकको सोचाइ र धारणामा परिवर्तनका साथै राज्यले सबैको लागि एकै किसिमको समान स्तरीय शिक्षा प्रणाली लागु गर्नका साथै सामुदायिक विद्यालमा पढाइको गुणस्तर उकास्ने नीति निर्माणको कार्य कडाइका साथ कार्यन्वयन गर्नुपर्ने जस्ता सकारात्मक पक्षलाई समेटेको पाइयो ।

ज्ञवाली (२०६३) का अनुसार शिक्षामा लैङ्गिक असमानताको एक अध्ययन शोधपत्रमा निम्न कुरा देखाएको पाइन्छ ।

१. राज्यले सबैका लागि समान शिक्षा भनेर घोषणा गरेता पनि यो व्यवहारमा त्यति प्रयोग भएको पाइदैन ।

२. अभिभावकहरुले छोराछोरी सबैलाई शिक्षाको उज्यालो घामबाट बञ्चित गरिनु हुन्न भने पनि व्यवहारमा प्रयोग भएको देखिदैन ।

३. विद्यालय भर्ना, विद्यालय छाड्ने तथा विद्यालय उपस्थितिमा केटा र केटी बिच भिन्नता छदैछ । सामुदायिक र संस्थागत विद्यालयका केटा केटीहरुमा पनि यो भिन्नता कायमै देखिन्छ । यसो हुनुको पछाडि अभिभावकको अशिक्षा, चेतनाको कमी जिम्मेवार रहेको देखिन्छ ।

४. अभिभावकको धारणा र सोचाइमा परिवर्तन गर्न राज्यले सबैका लागि एकै किसिमको समान स्तरीय शिक्षा प्रणाली लागु गर्नुका साथै सामुदायिक विद्यालयमा पढाइको गुणस्तर उकास्ने नीति निर्णय कडाइका साथ कार्यान्वयन गर्नु पर्ने देखिन्छ ।

५. गरीव वर्गको छोराले समेत शिक्षामा अवसर नपाएको अवस्थामा झन छोरीले पाउने त कुरै भएन ।

निष्कर्षमा महिलाहरुलाई शिक्षामा समान अवसर भन्ने सरकारको शैक्षिक नीति भएता पनि कार्यान्वयन पक्ष कमजोर देखिन्छ । त्यसैले शैक्षिक नीति कडाईकासाथ लागु गरिनु पर्ने र सबै नेपालीका छोरीहरुले छोरा सरह शिक्षा प्राप्त गर्न पाउनु पर्छ भन्ने सकारात्मक पक्षलाई उठान गरेको पाइयो ।

मरासनी, (२०६४) का अनुसार आज पनि हाम्रो समाजमा छोरा र छोरी बीचको व्यवहारिक भेदभाव कायमै छ । सामाजिक सस्कार, मूल्य मान्यता तथा गरिवीले गर्दा पनि छोरीलाई पढाउने तथा आत्मा निर्भर बनाउने तर्फ अभिभावकले ध्यान दिन सकिरहेका छैनन् । स्कूल तर्फको शिक्षामा छात्र छात्राको अध्ययन र उपलब्धिको स्थिति अध्ययन गर्नेहरु भन्दछन् , शिक्षाको समान अवसर दिने कुरामा छात्र र छात्राको असमानता पाइन्छ । छात्रहरुको तुलनामा छात्राहरु बढी मात्रामा अनुत्तीर्ण हुन्छन् । यसका कारण अभिभावकले छोरीलाई भन्दा छोरालाई राम्रा स्कूलमा पढाउने प्रवृति हो (नारी मासिक, २०६४ भाद्र) ।

विद्यालय प्रवेशिका परीक्षाको तथ्याङ्क (२०५८) का अनुसार प्रवेशिका परीक्षामा उत्तीर्ण हुने छात्रछात्राको तथ्याङ्क हेर्दा छात्रहरुमा ४३ प्रतिशत र छात्राहरुतर्फ ३३ प्रतिशतमात्र पाइन्छ । सामुदायिक विद्यालयमा पढ्ने लगभग ८० प्रतिशत छात्राहरु असफल हुन्छन् । यस्तो

तथ्याङ्कले महिला शिक्षामा राज्यले विशेषजोड दिनुपर्ने स्थिति छ । हाम्रा छोरीहरु आफैमा कमजोर छैनन् । उपर्युक्त वातावरण र अवसरको अभाव भोगी रहेका छन् । अरुको घर जानु पर्ने, घरधन्दा धान्नु पर्ने कारणले गर्दा शिक्षामा ध्यान पुग्दैन । अर्को तर्फ माध्यमिक पढ्ने बेलामा धेरैको विवाह हुन्छभने उच्च शिक्षा हासिल गर्ने बेलामा बच्चा जन्माउनु पर्छ । बच्चा हुर्काउने जिम्मा महिलाको मात्रै हुने हुनाले छोरीहरुको अध्ययनले निरन्तरता पाउन सक्दैन ।

सुबेदी, (२०५९) का अनुसार एउटा ग्रामीण समुदायमा महिलाको आर्थिक, सामाजिक उन्नति गर्ने हिसावमा भैसी पालन कार्यक्रम गरियो । सामान्यतया भैसी पालन पछि दूध बेचेर आम्दानी बढ्छ र परिवारका सबै केटाकेटी स्कूल जान्छन् भन्ने उद्देश्य राखिएको थियो । यसले परिवारमा दुई-चार पैसाको आम्दानी भयो पनि तर घरका छोरीहरु पढ्न नगएको पाइयो । किनभने भैंसीको रेखदेख, चरनमा पुऱ्याउने काम छोरीहरुले गर्नु पऱ्यो । आमाको काममा छोरीहरुले मद्दत गरे त्यसैले विद्यालय जान पाएनन् । दुध बेच्न बजारमा घरका पुरुष गए त्यो आम्दानी छोराहरुलाई सहरको विद्यालय पढाउन प्रयोग गरे । केही पैसा निजी खर्चमा प्रयोग गरे केही दुरुपयोग पनि गरे । वास्तवमा त्यस परियोजनाले महिला र बालबालिकाको कार्यबोझ बढ्यो । आम्दानीको स्रोत उनीहरुसम्म पुगेन ।

महिलालाई शिक्षा आवश्यक छ । शिक्षाबाट सबै कुरा प्राप्त हुन्छ भनिए पनि शैक्षिक क्षेत्रमा महिलाहरु पछि परेका छन् । शैक्षिक अवसरमा अवरोध हुनाले अर्थात बहुसंख्यक बालिकाले, जो शिक्षा हासिल जस्तो जीवनमा अति आवश्यक अवसरबाट बञ्चित भएका हुन्छन् । सामाजिक, आर्थिक र राजनीतिक परिपाटीमा उपलब्ध अवसर र अधिकारको उपयोग गर्न सक्दैनन् । आर्थिक कठिनाइकै कारण छोराछोरीकै शिक्षामा कटौती गर्नु पर्नेमा छोरीको नाम विद्यालयबाट काटिन्छ । आमाको सहयोगीको रुपमा काम गर्नु पर्ने हुँदा उनीहरु विद्यालयको पढाई छोड्न वाध्य हुन्छन् ।

महिला शिक्षा, (२०६०) अनुसार आठौं योजनामा महिला विकास सम्बन्धी विभिन्न नीतिहरु अपनाइए अनुरुप छात्राहरुलाई निःशुल्क शिक्षा १५८९४८ प्राथमिक, ३७०७५ माध्यमिक र १२३१ क्याम्पसका छात्रहरुलाई छात्रवृत्तिको व्यवस्था तथा विद्यालय वाहिरका छात्रहरुको

लागि चेलीवेटी तथा अनौपचारीक शिक्षा कार्यक्रम संचालन गरिएको थियो । नवौं योजना २०५४-२०५५ को तथ्याङ्क अनुसार माध्यमिक कक्षा ९-१० विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरुको सहजै देखिने भर्ना दर ३८.७ प्रतिशत थियो । छात्राहरु ३० प्रतिशत मात्र थिए । माध्यमिक स्तरमा अध्ययन गर्ने उपयुक्त उमेर १४ र १५ वर्षका बालिका मध्ये २०.२ प्रतिशत मात्र खुद उमेरमा भर्ना भएका थिए । त्यस मध्ये छात्रा १५.९ प्रतिशत भर्ना भए । नवौ योजना अवधिमा माध्यमिक तहमा सहजै देखिने भर्ना ४५ प्रतिशत मात्र थियो । दसौं योजनामा माध्यमिक तह अध्ययन गर्ने कुल विद्यार्थी ४५ प्रतिशत पुऱ्याउने लक्ष्य रहेको थियो ।

नारी मासिक, (२०६३) का अनुसार विद्यालय शिक्षाको अवसर पाएका छात्राहरुको एस.एल.सी. उत्तीर्ण प्रतिशत केटाको तुलनामा कम रहेको पाइएको रहेछ । २०६२ सालको एस.एल.सी. को नतिजालाई हेर्ने हो भने झापाकी अन्जना राजवंशी ९२.३८ प्रतिशत अंक ल्याएर सबै विद्यार्थीहरुबाट प्रथम हुने स्वतन्त्र गौतम भन्दा ३ अंकले पछाडि परेको देखिन्छ । स्वतन्त्र काठमाण्डौंको सुविधा सम्पन्न विद्यालयमा छात्रावासको सुविधा सहित अध्ययन गर्ने विद्यार्थी थिए भने अन्जना झापाको साधारण विद्यालयकी छात्रा थिइन् । यो परिणामले अव सहरबाट शैक्षिक जागरण गाउँसतिर छिर्न थालेको मात्र होइन गाउँका साधारण विद्यालयका युवतीहरुपनि सहरका सुविधा सम्पन्न विद्यालयमा पढ्ने युवाहरुलाई चुनौती दिन थालेको देखिन्छ । त्यति मात्र होइन यसपटक प्रवेशिका परीक्षामा विशिष्ट श्रेणीमा उत्तिर्ण हुने किशोरीहरुको संख्या पनि गत वर्षको तुलनामा झण्डै दोब्बर वृद्धि भएको पाइन्छ (नारी मासिक, २०६३, असार) ।

पौडेल, (२०६८) का शिक्षामा समान अधिकार बालबालिकाहरुको आधारभूत अधिकार हुने बालिका शिक्षामा गरिएको लगानीले दीर्घकालिन रुपमा मुलुकको आर्थिक तथा सामाजिक क्षेत्रमा धेरै ठूलो सहयोग पुऱ्याउँछ । ब्यक्ति, परिवार र समाजमा परिवर्तन ल्याउँछ । बालिका शिक्षामा भएको लगानी सबै भन्दा बढी प्रतिफल मुखी भएको आर्थिक अध्ययनले देखाएको छ । तर नेपाली महिलाको शैक्षिक हैसियत अझै पनि निम्न स्तरको छ । नेपाली समाज धार्मिक मान्यता र सोचाइ प्रति संवेदनशील र प्रतिवद्ध भएकोले कतिपय पढेलेखेका मानिसहरु पनि छोरी प्रतिको पूर्वग्रहबाट मुक्त हुन सकेको छैन । त्यसैले प्राय छोरा र छोरी

दुबै भएका अधिकांश दम्पतिहरुले छोरालाई महंगो बोडिङ्ग स्कूमा भर्ना गरेर पढाउँछन् तर छोरीलाई सरकारी स्कूमा पढाउने गर्दछन् । त्यसै गरी परिवारमा छोराको लागि पढाई प्राथमिकताको विषय वनाइएको छ । स्कूमा जाने छोरीले घरमा आमालाई गृहस्थी काममा सघाउनु सामान्य देखिन्छ (पौडेल, २०५८) ।

भट्ट, (२०५७) का अनुसार महिला र पुरुषको संगम बाट नै मानव समाजको निर्माण भएको व्यहोरा नकार्न मिल्दैन । यस अर्थमा यी दुवैको सामाजिक मान्यता बराबर हुनु पर्ने हो तर व्यवहारमा यो हुन सकिराखेको पाईंदैन । अद्योगिक एवं विकसित मुलुकमा समेत महिला र पुरुष वीचका लैङ्गिक विभेद असमानताका चर्चा भइनै रहेका छन् । खास गरिकन गरिब र अविकसित मुलुकमा यो विभेद चर्को मात्रामा पाइन्छ । छोराको जन्म हुँदा आमा बाबु जुन हदमा खुसी भएको पाइन्छ त्यही खुसीयाली छोरीको जन्ममा किन हुँदैनन् ? किन महिलालाई ग्रिहणीको रुपमा मात्र सिमित गर्न खोजिएको छ ? किन छोरालाई वोर्डिङ स्कूलमा पढाइन्छ ?  छोरीलाई स्कूल पढउन नै इन्कार गरिन्छ । विवाह गरेपछि छोरी अर्काको घर जान्छे, छोराले आफ्ना बाबुआमालाई बुढेसकालमा हेरचाह गर्छ, मरेपछि पिण्ड दिन्छ, छोरी चाँहि नासो हो, छोरा कमाई गर्ने शक्ति हो, छोरी गृह लक्ष्मी मात्र हुन्  आदि अवधारणा समाजमा व्याप्त छन् । यी र अन्य कतिपय कारण महिला र पुरुष वीच विभेद कायाम गरिएको छ ( अन्तराष्ट्रिय मञ्च (२०५७ मंसिर : ९) ।

राज्यले हरेक महिलाको शिक्षाको अधिकार सुनिस्चित गर्नु पर्दछ, शिक्षा नीतिबनाउँदा महिलाको राजनीतिक सामाजिक आर्थिक साँस्कृतिक तथा नागरिक अधिकारहरु सुनिश्चित गर्न सक्ने प्रकारको शिक्षा नीति तयार गरि शिक्षा दिने व्यवस्था मिलाउनु पर्दछ । महिलाहरुलाई उच्च माध्यमिक तह सम्मको शिक्षा अनिवार्य तथा निशुल्क उपलब्ध गराइनु पर्दछ  (गोरखा पत्र २०६५ असार : ६) ।

घिमिरे (२०६३) का अनुसार हाम्रो सामाजिक संरचनाले महिलाहरुलाई समान रुपमा स्वतन्त्रता प्रदान गरेको छैन । अवसरमा समानता पनि छैन । घरायाशी र अनुत्पादक तथा मूल्य विहीन काममा महिलाहरुले धेरै समय विताउन परेको छ । मात्राको हिसाबले कम बेसी भएपनि सवै राष्ट्र समाज र वर्ग यो समस्यावाट ग्रस्त छ । महिलाहरु कुनै न कुनै

रुपमा सबै ठाउँमा पीडा र भेदभावको शिकार भएकै छन् । लैङ्गिक विभेदले जन्माएका दुस्परिणामको प्रभाव महिलामा मात्र परेको छैन  समग्र समाज यसबाट प्रभावित भएको छ ।

ओभा (२०६३) का अनुसार समाजशास्त्रका विभिन्न नमुनाहरु पूर्वाग्रही रुपमा संसारमा आधाभाग  ओगटेर रहेका महिलाको भूमिकामा मौन रहे उनीहरुलाइ उस्तै मानिस भएर पनि मानविय व्यवहार बाट बञ्चित गराइयो, सामाजिक सिद्धान्तको प्रकृति विशेष गरेर पुरुष मुखी हुन पुगे,  सुरु-शुरुका समाजशास्त्री तथा मानवशास्त्रीहरुमा पुरुषको बर्चस्व रहनाले समाज र संस्कृतिको चर्चा गर्दा पुरुषवादी दृष्टिकोणबाट गर्न थाले, महिलाहरुलाई सामाजिक आर्थिक राजनैनिक साँस्कृतिक रुपमा दोश्रो दर्जाका मानिसका रुपमा चित्रण गरियो, सामाजिक अध्ययनहरु पुरुष मुखिहुन पुगे महिलाले गर्ने समान भूमिकाको अवमूल्यन हुन पुग्यो ।

उपरोक्त लेख तथा प्रतिवेदनहरु महिला शिक्षा सम्वन्धी लेखिएका लेखहरु हुन् । यसवाट महिलाहरुलाई समाजमा परम्परा देखि हेर्ने दृष्टिकोण प्रष्ट भएको छ । छात्रा पनि छात्रहरुले सरह समान अवसर पाएमा शैक्षिक क्षेत्रमा समान रुपमा अगाडि बढ्न सक्छन् भन्ने कुरा प्रष्ट हुन्छ । छोरीहरु आफैमा कमजोर नभई हाम्रो सामाजिक परिवेशले कमजोर बनाएको अध्ययन बाट प्रस्ट हुन्छ ।

# परिच्छेद तीनः

## अनुसन्धान विधि

### ३.१. अनुसन्धान ढाँचा

यो अध्ययन विद्यालय शिक्षामा लैङ्गिक असमानताको स्थितिमा केन्द्रीत रहेर गरिने अध्ययन हो । यसमा विद्यालयतहमा छात्रछात्राहरुको भर्ना संख्या, विद्यालय उपस्थितिको अवस्था, अतिरिक्त क्रियाकलापमा छात्राहरुको सहभागिता, परिवारमा छोरीको अवस्था र अभिभावकमा छोरा/छोरी प्रतिको दृष्टिकोणलाई अध्ययन गरिने छ । यो अध्ययन गुणात्मक र संख्यात्मक प्रकृतिको रहेको छ ।

### ३.२ नमुना छनौट

यस अध्ययनमा संखुवासभा जिल्लाका खाँदबारी नगरपालिका अन्तर्गतका सामुदायिक तर्फका नौ वटा विद्यालय मध्येबाट तीन वटा र संस्थागत तर्फका चार वटा विद्यालयहरु मध्ये दुई वटा गरी पाँच वटा विद्यालयलाई मात्र लिएको छ । यी विद्यालयको छात्र, छात्रा, शिक्षक, प्र.अ. यस अध्ययनको जनसंख्याको रुपमा समावेश गरिएको छ । अभिभावक व्यवस्थापन समितिको अध्यक्ष शिक्षाविद्लाई उद्देश्यमूलक नमुना छनौटका आधारमा छनौट गरिएको छ । प्रत्येक विद्यालयबाट उद्देश्यमूलक नमुना छनौटका आधारमा कक्षा ९ र १० बाट ५/५ जना छात्रा र २ जना छात्र गरी जम्मा ६० जना छात्र छात्रा छनौट गरिएको छ । अर्न्तवार्ताका लागि छनौटमा परेका छात्र छात्राको अभिभावक मध्येबाट उद्देश्यमूलक नमुना छनौटको आधारमा ३० जनालाई छनौट गरिएको छ । नमुनामा परेका प्रत्येक विद्यालयका शिक्षकहरु मध्येबाट उद्देश्यमूलक नमुना छनौटका आधारमा २/२ जनाका दरले गरी जम्मा १० जना (कम्तिमा ३ जना शिक्षिका पर्ने गरी) छनौट गरिएको छ ।

## ३.३ तथ्याङ्कको स्रोत र प्रकृति

यस अध्ययनलाई निष्कर्षमा पुऱ्याउनका लागि प्रश्नावली, अन्तर्वाता, कक्षा अवलोकन, अन्तरक्रिया आदिका माध्यमबाट तथ्याङ्क संकलन गरिएको छ । तथ्याङ्क प्राथमिक स्रोत र द्धितीय स्रोतका माध्यमबाट संकलन गरिएको छ । प्राथमिक स्रोत अर्न्तगत अध्ययन कर्ता सम्वन्धित विद्यालयमा गई अन्तर्वाता कक्षा अवलोकन प्रश्नावलीका आधारमा तथ्याङ्क संकलन गरिने छ । द्धितीय स्रोतमा सम्वन्धित लेख तथा साहित्यहरुबाट पाएका जानकारीका आधारमा तथ्याङ्क संकलन गरिएको छ ।

### ३.३.१ प्राथमिक तथ्याङ्क

प्राथमिक तथ्याङ्कको स्रोतको रुपमा प्रश्नावली, अन्तर्वाता, कक्षा अवलोकन, अन्तरक्रिया आदी रहेका छन् । यसबाट प्राप्त तथ्याङ्कहरुको विश्लेषण गरी यो अध्ययनलाई निष्कर्षमा पुऱ्याइएको छ ।

### ३.३.२ द्धितिय तथ्याङ्क

अनुसन्धानसँग सम्बन्धित लेख तथा साहित्यहरुबाट प्राप्त तथ्याङ्कहरु द्धितिय तथ्याङ्कको रुपमा यस अध्ययनमा उपयोग गरिएको छ ।

## ३.४ तथ्याङ्क संकलन विधि

तथ्याङ्क संकलनका क्रममा छनौटमा परेका विद्यालयको २०६८, २०६९ र २०७० मा विद्यालयमा भर्ना भएका छात्रछात्राहरुको संख्या लिइएको छ । अध्ययनलाई अगाडि बढाउनको लागि कक्षा अवलोकन, विद्यार्थीको शैक्षिक उपलब्धि फारम भरिएको छ । उद्देश्यात्मक नमुना छनौटका आधारमा प्रत्येक विद्यालयबाट १० जना छात्रा र २ जना छात्र छनौट गरिएको छ । साथै सम्बन्धित क्षेत्रका शिक्षाविद्हरुसंग, व्यवस्थापन समितिका अध्यक्ष, विद्यालयका प्र.अ.संग अन्तर्वाता लिइएको छ ।

३.४.१ अवलोकन

तथ्याङ्क संकलनको क्रममा विद्यालयका गतिविधि तथा कक्षा अवलोकन गरिएको छ र विद्यालयहरुको शैक्षिक उपलब्धी फारामहरुको समेत उपयोग गरिएको छ ।

३.४.२ प्रश्नावली

तथ्याङ्क संकलनका क्रममा अभिभावकहरुका लागि, छात्राहरुका लागि छुट्टछुट्टै प्रश्नावलीहरु तयार गरिएको छ र त्यसबाट प्राप्त तथ्याङ्कहरुलाई यो अध्ययन विश्लेषणको आधार बनाईएको छ ।

३.४.३ अन्तर्वाता

शिक्षकका लागि प्रधानाध्यापक एवम् वि.व्य.स.का लागि र शिक्षाविद्हरुका लागि समेत छुट्टछुट्टै अन्तर्वाता प्रश्नावली वा सूची बनाई अन्तर्वाता लिएको थियो र त्यसबाट प्राप्त तथ्याङ्कहरुको यस अध्ययनमा उपयोग गरिएको छ ।

३.५ तथ्याङ्कको प्रस्तुतिकरण तथा विश्लेषण

यस अध्ययनमा छानिएका चारवटा विद्यालयबाट २०६८, ०६९, ०७० सालमा विद्यार्थीहरुको कुल भर्ना, विद्यालय उपस्थिति तथा विद्यालय छाड्ने विद्यार्थीको संख्यात्मक स्थितिलाई तालिकामा प्रस्तुत गरी विश्लेषण गरिएको छ । त्यसै गरी छात्र छात्राहरुको शैक्षिक उपलब्दी कक्षा क्रियाकलाप तथा तिनीहरुको शिक्षा प्रति अभिभावकको धारणा र विचारलाई विद्यार्थीहरुसंग सञ्चालन गरिएको छलफलको आधारबाट प्राप्त तथ्याङ्कलाई तालिकीकरण गरी गुणात्मक विश्लेषण गरिएको छ ।

# परिच्छेद चारः

## तथ्याङ्कको प्रस्तुतिकरण तथा विश्लेषण

### ४.१ शिक्षामा लैङ्गिक असमानताको प्रभाव

यस अध्ययनमा छानिएका पाँचवटा विद्यालयबाट २०६८, २०६९ र २०७० सालमा विद्यार्थीहरुको कुलभर्ना, विद्यालय उपस्थिति तथा विद्यालय छाड्ने विद्यार्थीको संख्यात्मक स्थितिलाई तालिकामा प्रस्तुत गरी विश्लेषण गरिएको थियो । त्यसैगरी छात्रछात्राहरुको शैक्षिक उपलब्धि, कक्षा क्रियाकलाप तथा तिनीहरुको शिक्षाप्रति अभिभावकको धारणा र विचारलाई विश्लेषण र व्याख्या गर्ने प्रयास गरिएको छ । संकलित तथ्याङ्कलाई निम्न अनुसार प्रस्तुत गरिएको छ ।

१. नेपाल सङ्खुवासभा जिल्लामा लिङ्गको आधारमा जनसंख्या विवरण ।
२. नेपाल सङ्खुवासभा जिल्लामा विद्यालय उमेर (६-१५) तथा लिङ्गको आधारमा जनसंख्या विवरण ।
३. सङ्खुवासभा जिल्लाको लिङ्गको आधारमा (२०६८, २०६९, २०७०) सालको विद्यार्थी भर्ना विवरण ।
४. नमुना छनौटमा परेका विद्यालयका छात्राछात्रको भर्ना, विद्यालय छाड्ने तथा विद्यालय उपस्थितिको अवस्था ।
५. कक्षामा छात्र छात्राहरुको सहभागिताको अवस्था ।
६. छोरा छोरीको शिक्षाप्रति अभिभावकको धारणा ।
७. लैङ्गिक समानताबारे शिक्षा विद्हरुको धारणा ।
८. लैङ्गिक समानताबारे प्रधानाध्यापक, प्रिन्सिपल एवम् व्यवस्थापक समितिको धारणा ।
९. समाजको आर्थिक सामाजिक तथा राजनीतिक अवस्थाले शिक्षामा पारेको प्रभाव ।

४.१.१ राष्ट्र, जिल्ला र नगरपालिकाको जनसंख्या विवरण

नेपाल, सङ्खुवासभा जिल्ला र खाँदबारी नगरपालिकाको लिङ्गको आधारमा जनसंख्या विवरण

तालिका नं. १

| स्थान | कुल | पुरुष | महिला | फरक |
|---|---|---|---|---|
| नेपाल | 26494504 | 12489041 - 48=50%_ | 13645463 - 51=50_ | 3% |
| सङ्खुवासभा | 158742 | 75225 - 47=38%_ | 83517 - 52=62%_ | 5=24% |
| खाँदबारी न.पा. | 26301 | 12480 - 47=45_ | 13821 - 52=55_ | 5=09 |

स्रोत : केन्द्रिय तथ्याङ्क विभाग, २०६८, राष्ट्रिय जनगणना प्रतिवेदन २०६८ काठमाडौं ( के.त.वि.)

माथिको तालिकामा राष्ट्रिय जनगणना प्रतिवेदन २०६८ अनुसार राष्ट्र सङ्खुवासभा जिल्लाको जनसंख्या विवरण प्रस्तुत गरिएको छ। जनगणना २०६८ अनुसार नेपालमा महिलाको संख्या पुरुषको संख्या भन्दा ३ प्रतिशतले बढी छ। सङ्खुवासभा जिल्लामा पुरुष ४८.५० प्रतिशत र महिला ५२.२४ रहेको छन्। पुरुषको भन्दा महिलाको संख्या ५.२४ प्रतिशतले बढी देखिन्छ। नेपालमा महिलाको जनसंख्या वृद्धिदर पुरुषको भन्दा बढी छ तर साक्षरता वृद्धिदर भने महिलाको तुलनामा पुरुषको नै बढी देखिन्छ। जनगणना २०६८ अनुसार नेपालको कुल साक्षरता ६५.९ प्रतिशत रहेको देखिन्छ जसमध्ये पुरुष साक्षरता ७५.१ प्रतिशत र महिलाको साक्षरता ५७.४ प्रतिशत रहेको छ। खाँदबारी नगरपालिकमा पुरुष ४७.४५ प्रतिशत र महिलाको ५२.५५ प्रतिशत जनसंख्या रहेको छ यसरी हेर्दा पुरुष भन्दा महिलाको जनसंख्या बढि देखिन्छ।

४.१.२ उमेर तथा लिङ्गको आधारमा जनसंख्या विवरण

सामान्यतया ५ वर्षको उमेर देखि १५ वर्षको उमेरलाई विद्यालय उमेर भनिन्छ। तर पनि विभिन्न कारणले गर्दा १५ वर्ष भन्दा माथिका बालबालिकाहरु पनि माध्यमिक विद्यालयमा भर्ना भएको पाइन्छ। शैक्षिक तथ्याङ्क २०६८ का अनुसार विद्यालय तहमा (१-१०) कुल ६४६४६७० जना विद्यार्थी भर्ना भएका थिए। यस अन्तर्गत (५-१५) वर्ष उमेर समूहका ५९९४७६९ जना विद्यार्थी भर्ना भएका थिए। यस तथ्याङ्कबाट विद्यालय उमेर नपुगेका र बढी भएका गरी ४६९९०१ जना विद्यार्थी विद्यालयमा भर्ना भएका थिए। यहाँ विद्यालय उमेर समूहका (५-१५) वर्ष विद्यार्थी नै बढी भर्ना भएको पाइयो।

४.१.३ नेपाल, सङ्खुवासभा जिल्लाको (५-१६) वर्ष उमेर तथा लिङ्गको आधारमा जनसंख्या विवरण

तालिका नं. २

| स्थान | कुल | पुरुष | महिला | फरक |
|---|---|---|---|---|
| नेपाल | 6746538 | 3399806 - 50=40%_ | 3346732 - 49=60%_ | 0=8% |
| सङ्खुवासभा | 49260 | 24641 - 50=02%_ | 24619 - 49=98%_ | 0=044% |

स्रोत केन्द्रिय तथ्याङ्क विभाग, २०६९, राष्ट्रिय जनगणना विभाग, २०६८

माथिको तालिका अनुसार नेपालमा विद्यालय उमेरको बालबालिकाहरुमा केटाको संख्या केटीको भन्दा ०.८ प्रतिशतले बढी देखिन्छ। त्यस्तै सङ्खुवासभा जिल्लाको केटाको संख्या केटीको भन्दा ०.०४४ प्रतिशतले बढी छ। यसबाट के निश्कर्ष निकाल्न सकिन्छ की नेपाल अधिराज्यमा पुरुषको भन्दा महिलाको संख्या बढी रहे तापनि र विद्यालय उमेर समूहका केटाहरुको संख्या भन्दा केटीको नै संख्या घटि देखियो। त्यस्तै गरी विद्यालयमा पनि केटाहरुको संख्या नै बढी देखियो। यसरी मुलुक र जिल्लामा तुलनात्मक रुपमा त्यति फरक पाइएन।

४.१.४ सङ्खुवासभा जिल्लाको लिङ्गको आधारमा विद्यार्थी भर्ना

विद्यालय तहमा छात्रछात्राहरुको सहभागिता तथा भर्नाको अवस्थाको विश्लेषण गर्न जिल्ला शिक्षा कार्यालय संखुवासभाबाट २०६८, २०६९, २०७० सम्मको तथ्याङ्क लिइएको छ जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

सङ्खुवासभा जिल्लामा लिङ्गको आधारमा विद्यार्थी भर्ना विवरण

तालिका नं. ३

| साल | छात्रा | छात्र | कुल | फरक |
|---|---|---|---|---|
| 2068 | 64715 -46%_ | 76134 -54%_ | 140849 | 8% |
| 2069 | 91684 - 52=46%_ | 83053 - 47=54%_ | 174737 | 4=92% |
| 2070 | 87985 - 48=92%_ | 91852 - 51=08%_ | 179837 | 2=15% |

स्रोत : विद्यालय सुधार योजना, २०७०

माथिको तालिकामा सङ्खुवासभा जिल्लामा २०६८, २०६९ र २०७० सम्मको विद्यार्थी भर्ना विश्लेषण गर्दा सामुदायिक तथा संस्थागत विद्यालय तहमा २०६८ र २०७० मा छात्राको भन्दा क्रमश ८ प्रतिशत र २.५ प्रतिशत छात्रको भर्ना प्रतिशत बढी देखिन्छ भने २०६९ सालको तथ्याङ्कमा छात्रको भन्दा छात्रको भर्ना ४.९२ प्रतिशत बढी देखिन्छ ।

महिला र पुरुष विचको जनसंख्याको अनुपातमा धेरै फरक नदेखिए तापनि २०६८ र २०६९ मा महिलाहरु शिक्षाको पहुँचबाट वञ्चित रहेको प्रस्ट हुन्छ भने २०६८ मा महिलाको पहुँच देखिन्छ । समस्टीमा भन्नुपर्दा पुरुषभन्दा महिलाको संख्या कमै रहेको देखिन्छ ।

४.१.५ खाँदबारी नगरपालिको लिडको आधारमा विद्यार्थी भर्ना विवरण

तालिका नं. ४

| साल | छात्र | छात्रा | कुल | फरक |
|---|---|---|---|---|
| २०६९ | ४१७५ | ४२२७ | ८४०२ | ०.६१ |

| | | | | |
|---|---|---|---|---|
| २०७० | ८६९४ | ४५४० | १३२३४ | ३.३८ |
| २०७१ | ४३९१ | ४२७२ | ८६६३ | १.७३ |

स्रोतः विद्यालय सुधार योजना २०७१

माथिको तालिका नं. २ लाई हेर्दा विद्यार्थी भर्ना विवरण छात्राको भन्दा छात्रको नै बढि देखिन्छ ।

४.१.६ नमुनामा परेका विद्यालयमा छात्र/छात्राहरुको भर्नाको अवस्था

यस अध्ययनमा छानिएका ५ वटा विद्यालयबाट २०६८, २०६९ र २०७० सालको छात्र छात्राहरुको भर्ना सम्बन्धी तथ्याङ्क विश्लेषण गरिएको छ । जसलाई सामुदायिक विद्यालयहरुमा र संस्थागत विद्यालयहरुवीच तुलना गरिएको तालिका निम्न अनुसार प्रस्तुत गरिएको छ ।

सामुदायिक विद्यालय

तालिका नं. ५

| साल | कुलभर्ना | छात्र | छात्रा | फरक |
|---|---|---|---|---|
| 2068 | 2389 | 1134 - 47=64% _ | 1255 - 52=53% _ | 5=07% |
| 2069 | 2176 | 1002 - 46=04% _ | 1174 - 53=96% _ | 7=92% |
| 2070 | 2263 | 1079 - 47=68% _ | 1184 - 52=32%_ | 4=64% |

संस्थागत विद्यालय

| साल | कुलभर्ना | छात्र | छात्रा | फरक |
|---|---|---|---|---|
| 2068 | 1489 | 860 - | 629 - | 15=51% |

| | | | | |
|---|---|---|---|---|
| | | 57=75% _ | 42=24% _ | |
| 2069 | 1561 | 904 - 57=91% _ | 657 - 42=08% _ | 15=82% |
| 2070 | 1698 | 950 - 55=94% _ | 748 - 44=6%_ | 11=344% |

स्रोत : विद्यालय तथ्याङ्क, २०७०

माथिको तालिकामा नमुना छनौटमा परेका ३ सामुदायिक विद्यालय र दुइवटा संस्थागत विद्यालयमा शैक्षिक सत्र २०६८, २०६९, २०७० सम्मको विद्यालय भर्ना देखिएको छ। सामुदायिक विद्यालयका विद्यालयमा विद्यार्थी भर्ना प्रत्येक वर्ष घट्ने र बढ्ने क्रममा देखिएको छ भने संस्थागत विद्यालयमा प्रत्येक वर्ष बढ्ने क्रममा देखिन्छ। सामुदायिक विद्यालयमा २०६२ मा छात्रहरुको भर्ना ४७.४६ प्रतिशत, २०६३ मा ४६.४ प्रतिशत र २०६४ मा ५२.५३, २०६३ मा ५३.९६ र २०६४ मा ५२.३२ प्रतिशत देखिन्छ। छात्रको भन्दा छात्राको भर्ना प्रतिशत प्रत्येक वर्ष बढ्दो क्रममा देखिन्छ। छात्रको भन्दा भर्ना २०६२ मा ५.७ प्रतिशत, २०६३ मा ७.९२ प्रतिशत र २०६४ मा ४.६४ प्रतिशतले बढी देखिन्छ। सामुदायिक विद्यालयमा छात्र भन्दा छात्रा बढी भर्ना भएको पाइयो।

संस्थागत विद्यालयमा २०६२ मा छात्रहरुको भर्ना ५७.७५ प्रतिशत, २०६३ मा ५७.९१ प्रतिशत, २०६४ मा ५५.९४ प्रतिशत भर्ना भएको देखिन्छ भने छात्र तर्फ २०६२ मा ४२.२४ प्रतिशत, २०६३ मा ४२.८ प्रतिशत र २०६३ मा ४४.६ प्रतिशत रहेको देखिन्छ। संस्थागत विद्यालयमा कुल विद्यार्थी भर्ना प्रत्येक वर्ष बढ्दो क्रममा रहेको देखिन्छ। छात्रा भन्दा छात्रको २०६२ मा १५.५१ प्रतिशत २०६३ मा १५.८२ प्रतिशत र २०६४ मा ११.३४ प्रतिशतले फरक देखिन्छ। संस्थागत विद्यालयमा छात्र भन्दा छात्रा कम भर्ना भएको पाइन्छ र भर्ना प्रतिशतमा ठूलो अन्तर देखिन्छ।

सामुदायिक र संस्थागत विद्यालयमा छात्रछात्राहरुकोक भर्नाबारे तुलना गर्दा सामुदायिक विद्यालयमा २०६८ देखि २०७० सम्म सबै वर्षहरुमा छात्राको भर्ना संख्या बढी पाइयो भने संस्थागत विद्यालयमा छात्रको भर्ना संख्या कम पाइयो। अभिभावकले छोरालाई शिक्षामा

बढी लगानी र छोरीलाई कम लगानी गरेको पाइन्छ । छोरीलाई कम खर्च लाग्ने विद्यालयमा भर्ना गरी छोरालाई बढी खर्च लाग्ने संस्थागत विद्यालयमा भर्ना गरेको पाइन्छ । यसबाट शिक्षामा लैङ्गिक असमानता प्रस्ट देख्न सकिन्छ ।

क)  छात्रछात्राको विद्यालय छाड्ने अनुपात

विद्यार्थीहरुले विद्यालयमा पढ्दा पढ्दै कक्षा छाड्नाले उनीहरुको निश्चित तहसम्मको औपचारीक शिक्षा पुरा गर्न सक्दैनन् । विद्यार्थीहरुले विद्यालय छोड्नु भनेको विद्यालयको र राष्ट्रकै समस्या हो । त्यसैले यस अध्ययनमा पनि नमुना सामुदायिक र संस्थागत विद्यालयमा २०६८ देखि २०७० सम्म विद्यालय छोड्ने छात्राहरुको संख्यात्मक स्थितिलाई विश्लेषण गरिएको छ । जुन तथ्याङ्क विद्यालय रेकडबाट लिइएको हो । उक्त तथ्याङ्कलाई तालिकामा देखाइएको छ ।

सामुदायिक तथा संस्थागत विद्यालयमा विद्यालय छाड्ने विद्यार्थीहरुको संख्यात्मक स्थिति

तालिमा नं. ६

| साल | छात्र | | | | छात्रा | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुलभर्ना संख्या | | विद्यालय छाड्ने संख्या | | कुलभर्ना संख्या | | विद्यालय छाड्ने संख्या | |
| | सामुदायिक | संस्थागत | सामुदायिक | संस्थागत | सामुदायिक | संस्थागत | सामुदायिक | संस्थागत |
| 2068 | 1255 | 629 | 5% | 0=63% | 1134 | 860 | 5% | 0=02% |
| 2069 | 1174 | 657 | 2% | 0=76% | 1002 | 904 | 3% | 0=11% |
| 2070 | 1184 | 748 | 3% | 0=00% | 1079 | 950 | 2% | 0=21% |

स्रोतः विद्यालय सुधार योजना २०७०

माथि दिइएको तालिकामा सामुदायिक र संस्थागत विद्यालयमा २०६८ देखि २०७० सम्म विद्यालय छोड्ने विद्यार्थीको संख्यात्मक स्थितिलाई प्रतिशतमा देखाइएको छ । जस अनुसार सामुदायिक विद्यालयमा २०६८ र २०७० लाई मध्यनगर गर्दा छात्रा भन्दा छात्रले बढी विद्यालय छाड्ने गरेको पाइयो । २०७० सालमा छात्र भन्दा छात्राले बढी विद्यालय छाडेको पाइयो । २०६८ मा छात्राले ५ प्रतिशत र छात्रले ८ प्रतिशत, २०६९ मा छात्राले २ प्रतिशत

र छात्राले ३ प्रतिशत र २०६४ मा छात्राले ३ प्रतिशत र छात्रले २ प्रतिशतले विद्यालय छाडेको देखिन्छ । यसरी समग्रमा हेर्दा विद्यालय छाड्ने प्रतिशत छात्राको भन्दा छात्रको बढी देखिन्छ ।

त्यस्तै गरी संस्थागत विद्यालयहरुमा २०६८ देखि २०७० सम्ममा छात्रा भन्दा छात्रले बढी विद्यालय छाड्ने गरेको पाइयो । २०६८ मा छात्रा ०.६३ प्रतिशत र छात्र ०.०२ प्रतिशत र २०६३ मा छात्रा ०.७६ प्रतिशत र छात्र ०.११ प्रतिशत रहेको छ । २०६४ मा छात्राले विद्यालय छाड्ने प्रतिशत शुन्य छ भने छात्रले ०.२१ प्रतिशत रहेको पाइयो ।
यसरी माथिको तालिकामा दुवै तहका विद्यालयहरुमा छात्रछात्राहरुको विद्यालय छाड्ने प्रतिशत घटबढ देखिए तापनि कमहुदै गइरहेको पाइयो । सामुदायिक विद्यालयमा छात्र भन्दा छात्रा भर्ना बढी देखिनु र निजी विद्यालयमा छात्र बढी देखिनुले अरु पनि अभिभावकले विद्यालय भर्नामा असमान व्यवहार गरेको पाउन सकिन्छ ।

सामुदायिक र संस्थागत विद्यालयमा ७० प्रतिशत भन्दा बढी उपस्थित हुने विद्यार्थीको अवस्था
(२०६८ देखि २०७०)

तालिका नं. ७

| साल | छात्रा | | | | छात्र | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुलभर्ना संख्या | | उपस्थिति प्रतिशत | | कुलभर्ना संख्या | | उपस्थिति प्रतिशत | |
| | सामुदायिक | संस्थागत | सामुदायिक | संस्थागत | सामुदायिक | संस्थागत | सामुदायिक | संस्थागत |
| 2068 | 1255 | 629 | 91 % | 100 | 1134 | 860 | 92 % | 100 |
| 2069 | 1174 | 657 | 89 % | 100 | 1002 | 904 | 94 % | 100 |
| 2070 | 1184 | 748 | 90 % | 97 | 1079 | 950 | 95 % | 99 |

स्रोत : विद्यालय तथ्याङ्क, २०७०

तालिका नं. ६ मा सामुदायिक विद्यालयमा एक शैक्षिक सत्रमा विद्यालय खुलेको दिनको आधारमा विद्यार्थीको ७० प्रतिशत भन्दा बढी दिन विद्यालयमा उपस्थिति हुने संख्यालाई देखाइएको छ । जस अनुसार २०६८, २०६९, २०७० सालमा ७० प्रतिशत भन्दा बढी हाजिर हुने सामुदायिक विद्यालयका छात्राहरु क्रमश ९१, ८९, ९० प्रतिशत देखिन्छन् । सोही

वर्षहरुमा संस्थागत विद्यालयका छात्राहरु क्रमश १००, १००, ९७ प्रतिशत देखिन्छ । यसरी दिइएका तिनै वर्षमा संस्थागत विद्यालयका छात्राको तुलनामा सामुदायिक विद्यालयका छात्राहरुको उपस्थिति ९, ११, ७ प्रतिशतले कमी रहेको देखिन्छ । छात्राहरुसँग गरिएको अन्तर्वार्ता अनुसार छात्राहरुले पढाईलाई भन्दा घरको कामलाई बढी प्राथमिकता दिनु पर्ने वाध्यता, भाइबहिनी हेर्नुपर्ने मेलापात जानु पर्ने कारणले गर्दा सामुदायिक विद्यालयमा छात्राको उपस्थिति कम रहेको पाइयो । त्यसैगरी संस्थागत विद्यालयका छात्राहरु विरामी भएर विद्यालयमा उपस्थिति हुन नसकेको पाइयो ।

यसै प्रकार २०६८, २०६९, २०७० सालमा ७० प्रतिशत भन्दा बढी दिन दिद्यालय उपस्थित हुने सामुदायिक विद्यालयका छात्रहरु क्रमश ९२, ९४, ९५ प्रतिशत देखिन्छ भने सोही वर्षहरुमा संस्थागत विद्यालयका छात्रहरुको विद्यालय उपस्थिति क्रमश १००, १००, ९९ प्रतिशत देखिन्छ । उपर्युक्त तीनै वर्षहरुमा संस्थागत विद्यालयका छात्रहरुको तुलनामा सामुदायिक विद्यालयका छात्राहरुको उपस्थिति ८, ६ र ४ प्रतिशतले कमी रहेको देखिन्छ ।

यसरी सामुदायिक तथा संस्थागत विद्यालयमा विद्यार्थीहरुको विद्यालय उपस्थितिको अवस्था तुलना गर्दा सामुदायिक विद्यालयमा भन्दा संस्थागत विद्यालयमा विद्यार्थीहरुको उपस्थिति बढी देखिन्छ । संस्थागत विद्यालयका शतप्रतिशत विद्यार्थी नै नियमित उपस्थिति भएको देखिन्छ भने सामुदायिक विद्यालयका विद्यार्थीहरु कम नियमित भएको देखिन्छ । यसमा पनि छात्रको तुलनामा छात्राहरु कम विद्यालय गएको देखिन्छ ।

ख)　कक्षामा छात्रछात्राको सहभागिताको अवस्था

शिक्षामा छात्राहरुको सहभागिता तथा शैक्षिक उपलब्धि छात्राको तुलनामा कम देखिएको पाइन्छ । यसै तथ्यलाई मध्यनजर राखी विद्यालयमा अध्ययनरत छात्रछात्राहरुको कक्षाको सुरुवातमा देखाउने व्यवहार कक्षा क्रियाकलापमा तिनीहरुको सहभागिता शिक्षकसँगको अन्तरक्रिया तथा गृहकार्य सम्बन्धमा कक्षा अवलोकन गरिएको थियो । जसबाट प्राप्त निष्कर्षलाई निम्न अनुसार विश्लेषण तथा प्रस्तुत गरिएको छ ।

ग)	कक्षामा छात्राहरुको व्यवहार

कक्षा अवलोकन सूचीको आधारमा गरिएको अवलोकन अनुसार छात्रछात्राहरुको तुलनामा कक्षाकोठा भित्र छात्राहरु नै बढी बसेको पाइयो । शिक्षकको कक्षा प्रवेशसँगै शिष्टतापूर्वक स्वागत गर्नुका साथै सम्बन्धित विषयको पुस्तक निकाली बसेको पाइयो भने छात्रहरु कक्षाकोठा भित्र नबस्ने, शिक्षक कक्षामा प्रवेश गरेपछि मात्र प्रवेश गर्ने र पाठ्यपुस्तकहरु नल्याउने गरेको पाइयो । तर संस्थागत विद्यालयमा छात्र र छात्राहरु वीच भिन्नता पाइएन ।

सामुदायिक विद्यालयमा आधाजति छात्राहरु कक्षा क्रियाकलापमा ध्यानपूर्वक सहभागि रहको देखियो भने संस्थागत विद्यालयका सबै जसो छात्राहरु कक्षा क्रियाकलापमा सहभागि रहेको अनुशासनमा बसेको तथा शिक्षकको निर्देशनको पालना गरेको देखियो । कक्षा क्रियाकलापमा सक्रिय रुपमा सहभागि भएका छात्राहरुले ध्यानपूर्वक शिक्षकको प्रस्तुतिलाई सुन्ने गरेको, पुस्तक पनि अनुकरण गरेको, शिक्षकलाई वीचवीचमा सहयोग गर्ने, नबुझ्केको कुरा तुरुन्तै सोध्ने गरेको देखियो। कक्षा क्रियाकलापमा सहभागिता नदेखाउने सामुदायिक विद्यालयका छात्राहरुले शिक्षकको निर्देशन वेवास्ता गर्ने, मनोरञ्जनात्मक पत्रपत्रिका हेर्ने, शिक्षकले नदेख्ने गरी अर्को विषयको गृहकार्य गर्ने, कागजको टुक्राले अर्को साथीलाई हान्ने, बाहिर हेर्ने, गफ गर्ने, हास्ने तथा साथिलाई कागजको पुच्छर बनाएर राख्ने गरेको पाइयो । संस्थागत विद्यालयमा विद्यार्थी संख्या कम हुनाले पनी कक्षा बढी नियन्त्रित र अनुशासित देखिन्थ्यो तर १, २ जना छात्राहरुले भने शिक्षकको आँखा छल्दै गफ गरेको पनि देखियो ।

शिक्षकसँग अन्तरकृया तथा प्रश्नोत्तर गर्ने शिलशिलामा सामुदायिक विद्यालयमा आधाजति र संस्थागत विद्यालयमा धेरै जसो छात्राहरुले विषय वस्तु सान्दर्भिक प्रश्न गरेको बाँकी छात्राहरु निश्कृय रहेको पाइयो । जव की संस्थागत विद्यालयका विद्यार्थीहरुले शिक्षकलाई बारम्बार प्रश्न गरेको पाइयो । सामुदायिक विद्यालयमा शिक्षकले सोधेको प्रश्नको उत्तर कम मात्र छात्राले दिन सकेको देखियो भने संस्थागत विद्यालयमा शिक्षकले सोधेको प्रश्नको उत्तर प्राय सबै जसो छात्राहरुले दिन सकेको पाइयो । सामुदायिक विद्यालयका छात्रा शिक्षकसँग धेरै बोल्न डराएको देखियो भने संस्थागत विद्यालयका छात्र निडर रहेको देखियो साथै शिक्षकले पनि उनीहरुलाई अन्तरक्रियामा भाग लिन प्रोत्साहित गरेको पाइयो ।

नियमित रुपमा गृहकार्य गर्ने सम्बन्धमा सामुदायिक विद्यालयका आधाभन्दा पनि कम र संस्थागत विद्यालयका सबैजसो छात्राहरुले नियमित रुपमा गृहकार्य गरेको पाइयो । बाँकी छात्राहरुले कहिले काँही मात्र गर्ने गरेको देखियो ।

सामुदायिक तथा संस्थागत विद्यालयमा छात्राहरुको कक्षा क्रियाकलापमा सहभागिता सम्बन्धी गरिएको अवलोकन अनुसार सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयमा बढी अनुशासनमा रहेको पाइयो । शिक्षकसँग अर्न्तक्रिया तथा प्रश्न गर्ने सिलसिलामा सामुदायिक विद्यालयका छात्राको तुलनामा संस्थागत विद्यालयका छात्र सक्रिय र निडर रहेको पाइयो ।

छोरा छोरीको शिक्षामा अभिभावकको महत्वपूर्ण जिम्मेवारी र दायित्व रहेको हुन्छ, अभिभावकले घरमा जस्तो बातावरण दिन सक्यो जस्तो संस्कार सिकायो बच्चाहरु त्यस्तै हुन्छन् । साथै छोराछोरीको शैक्षिक क्रियाकलापमा जतिमात्रामा लगानी र रेखदेख गर्न सक्यो त्यही अनुसारको प्रतिफल प्राप्त हुन्छ ।

यस अध्ययनको शिलशिलामा ५ वटा विद्यालयहरुबाट ३० जना नमुना अभिभावक उनीहरुको छोराछोरी प्रतिको शिक्षा प्रतिको धारणा बुझ्नको लागि अर्न्तवार्ता लिइएको थियो । उक्त अभिभावकहरुको पेशा शिक्षा कजतिलाई तालको तालिकामा देखाइएको छ ।

छोराछोरीको शिक्षाप्रति अभिभावकको धारणा

तालिका नं. ८

| क.सं. | पेशा | संख्या | प्रतिशत | शिक्षा | | फैफियत |
|---|---|---|---|---|---|---|
| | | | | निरक्षर | साक्षर | |
| 1= | कृषि | 16 | 53.33 | 6 - 37=5% — | 10 - 62=5%_ | |
| 2= | उद्योगव्यापार | 4 | 13.33 | — | 4 - | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | 100%_ | |
| 3= | जागिर | 8 | 26.66 | – | 8 - 100%_ | |
| 4= | अन्य | 2 | 6.66 | – | 2 - 100%_ | |

माथि दिइएको तालिकामा नमुनामा परेका अभिभावकहरुको पेशा र शिक्षाको अवस्थालाई प्रस्तुत गरिएको छ । जसअनुसार ३० जना अभिभावक मध्ये १६ जना ५३.३३ प्रतिशत कृषि कार्यमा संलग्न रहेको पाइयो । १६ मध्ये १० जना ६२.५ प्रतिशत साक्षर ६ जना निरक्षर ३७.५ प्रतिशत छन् त्यसैगरी उद्योग व्यापारमा ३० मध्ये ४ जना १३.३३ प्रतिशत साक्षरता १०० प्रतिशत नोकरी ८ जना २६.६६ प्रतिशत साक्षरता १०० प्रतिशत अन्यमा २ जना ६.६६ प्रतिशत साक्षरता १०० प्रतिशत रहेको छ । ३० जना मध्ये अधिकांश कृषि पेशामा संलग्न रहनु र निरक्षर रहनुका कारणले समाजमा अझसम्म रुढीबादी अन्धविश्वास, आर्थिक तथा सामाजिक कारणले गर्दा शिक्षा क्षेत्रमा छात्र भन्दा छात्राहरुको उपस्थिति न्यून रहेको पाइयो ।

छोरीको लागि शिक्षा आवश्यक छ कि छैन भन्ने प्रश्नको जवाफमा धेरै जसो अभिभावकहरुले साक्षरताको लागि मात्र थोरै अभिभावकले आत्मा निर्भर भई बाँच्न र सभ्य समाजको निर्माण गर्नको लागि मात्र छोरा छोरी दुवैको लागि शिक्षा अति आवश्यक भएको मत प्रकट गरे ।

छोराछोरी मध्ये कसको शिक्षामा बढी लगानी गर्नु भएको छ भन्ने सवालको जवाफमा अभिभावकहरुले तुलनात्मक रुपमा छोराको शिक्षामा बढी लगानी गरेको बताए किन भने छोरा भविश्यको सहारा भएकोले उसलाई राम्रो शिक्षा दिएर ठूलो व्यक्ति बनाउनु पर्दछ भन्ने राय व्यक्त गरेको पाइयो । केही अभिभावकहरुले छोरीहरुलाई समान विद्यालयमा भर्ना गरेको, दुवैलाई समान शैक्षिक सामग्री उपलब्ध गराएको र समान लगानी गरेको तथ्य व्यक्त गरेको पाइयो ।

त्यसैगरी छोरीलाई कस्तो विद्यालयमा कति सम्म पढाउनु पर्छ भन्ने प्रश्नको जवाफमा सामुदायिक विद्यालयका धेरै जसो अभिभावकले माध्यमिक तहसम्म पढाउने र त्यसपछि पढाई आवश्यक नभएको व्यक्त गरे किनभने छोरीले अर्काको घरमा गएर काम गर्नुपर्छ धेरै पढेर के काम ? अक्षर चिनेत भै हाल्यो नि भन्ने कुरा व्यक्त गरे भने केहीले छोरी जाति राम्रो पढ्न सक्छन् त्यही अनुसार पढाउने विचार व्यक्त गरे तर संस्थागत विद्यालयका अभिभावकले छोरीलाई संस्थागत विद्यालयमा नै पढाएर योग्य र आत्म निर्भर बनाउनु पर्ने साथै उनीहरु गरी खान सक्षम पढाउने विचार व्यक्त गरे ।

नेपाल कृषिप्रधान देश हो । धेरै जसो मानिसहरु कृषि पेशामा संलग्न छन् त्यस्तै अध्ययन क्षेत्रका अभिभावक पनि कृषि पेशामा आधा भन्दा बढी संलग्न नभएको हुँदा छोरीहरुले घरको काममा बढी सघाउनु परेको बताए केही अभिभावकले आर्थिक रुपमा धेरै आम्दानी हुने पेशा अगालेको तथा तिनीहरु शिक्षित भएका कारण घरायसी सानोतिनो काममा लगाउने कुरा बताए ।

आधाभन्दा बढी अभिभावकले छोरीको बारेमा विद्यालयमा गएर बुझ्ने गरेको पाइएन । किनकी विद्यालयमा हामी भन्दा धेरै जान्ने शिक्षक शिक्षिकाहरु छन् उनीहरुले गरी हाल्छन् हामी किन जानुपऱ्यो भनेर वेवास्ता गरेको पाइयो । शिक्षित अभिभावकहरुले महिनाको एकपटक विद्यालय गएर छोरीको शिक्षाको बारेमा बुझ्ने गरेको पाइयो । साथै विद्यालयमा नजानेका कुरा सिकाउने, छोरीसँग बारम्बार घुलमिल भइरहने र उसँग मित्रवत व्यवहार गर्ने गरेको पाइयो ।

त्यस्तै गरी टि.भी., सिनेमा हेर्न दियो भने साथिसँग घुम्न जान दियो भने विग्रन्छन् भन्ने मानसिकताले ग्रसित भएका केही अभिभावकहरुले मनोरञ्जनात्मक क्रियाकलापमा छोरीलाई त्यति छुटक दिइएको पाइएन । तर केही अभिभावकहरुले मनोरञ्जनात्मक क्रियाकलापमा छोराछोरी दुवैलाई समान अवसर प्रदान गर्दै आएको साथै धेरै जसो पारिवारीक मनोरञ्जनमा सामेल हुने गरेको बताए ।

घ) लैङ्गिक समानता बारे शिक्षाविद्हरुको धारणा

महिला र पुरुष समान हुन्, एउटाको अभावमा अर्कोले काम गर्न सक्दैन तसर्थ एउटाको मात्र विकास हुँदैमा विकासले पूर्णता प्राप्त गर्न सक्दैन । एउटा परिवार, समाज र राष्ट्रकै विकास गर्नका लागि पुरुष र महिलावीच समान विकास हुनु पर्दछ तव मात्र परिवार, समाज र राष्ट्र सभ्य हुन सक्छ । यस विषयमा मैले समाजका दुइजना शिक्षाप्रेमी वा शिक्षाविद्सँग विभिन्न प्रश्न राखेको थिए जुन यस प्रकार छ :

राष्ट्रको विकासका लागि लैङ्गिक समानता सम्बन्धी तपाईहरुको धारणा कस्तो छ ? भन्ने प्रश्नको उत्तरमा दुवै शिक्षा विद्को उत्तर एउटै पाइयो, जुन यस प्रकार थियो । राष्ट्रको विकास गर्नको लागि शिक्षा एक महत्वपूर्ण पक्ष हो जुन विना राष्ट्रको विकास कल्पना गर्न पनि सकिदैन । आजको विश्वको आधाभन्दा बढी भूभाग महिलाहरुले ओगटेको परिवेशमा पुरुषमात्र शिक्षित भएर विशवको विकास हुन सक्दैन । राष्ट्र वा विश्वको विकासका लागि नारी शिक्षा त्यतिकै महत्व छ विश्वका विकशित राष्ट्रलाई हेर्ने हो भने पुरुष र महिलामा समान विकास भएका कारण ति राष्ट्रहरु विकसित भएका हुन् त्यस्तै हाम्रो देश जस्तो गरिव राष्ट्रहरुमा पुरुष र महिलामा विभिन्न क्षेत्रमा भएका असमानताका कारण नै गरिवीको रेखामुनी रहनु पर्ने वाध्यता हो त्यसैले शिक्षामा लैङ्गिक भेदभाव नराखीकन समान शिक्षा दिनु पर्छ ।

लैङ्गिक समानताका लागि राष्ट्रको कस्तो भूमिका हुनुपर्दछ ? भन्ने प्रश्नको उत्तरमा हाम्रो समाजमा पुरुषहरुलाई शिक्षामा अभिभावकहरुले बढी लगानी गरेको पाइएको हुँदा राष्ट्रले महिला शिक्षाका लागि विशेष कार्यक्रम ल्याउनु पर्दछ । जसले गर्दा अभिभावकहरु छोरीलाई शिक्षा दिलाउन जागरुक हुन् र छात्राहरुलाई निशुल्क पाठ्यपुस्तक छात्रवृत्ति आदिको व्यवस्था गर्नको लागि पाठ्यक्रम निर्माण गर्दा लैङ्गिक समानतालाई सहयोग पुग्ने गरी निर्णय गर्नु पर्दछ ।

माथिका दुवै प्रश्नको सान उत्तरबाट के स्पष्ट हुन्छ भने राष्ट्रको विकासका लागि लैङ्गिक समानता समयको माग हो यो पूरा गर्नको लागि अभिभावकहरुको जति महत्वपूर्ण भूमिका छ त्यति नै राष्ट्रको भूमिका रहेको छ ।

ङ)	लैङ्गिक समानताबारे प्रधानाध्यापक/प्रिन्सीपल एवम् वि.व्य.स.हरुको धारणा

शिक्षामा लैङ्गिक समानताको बारेमा जानकारी लिनका लागि नमुनामा परेका विद्यालयहरुका प्रधानाध्यापक/प्रिन्सीपल मध्ये दैवी नमूना छनौटको आधारमा संस्थागत र सार्वजनिक विद्यालयबाट एक एक जनालाई लिइएको थियो । उहाँहरुसँग लैङ्गिक समानताका लागि विद्यालयको भूमिका कस्तो रहेको छ भन्ने प्रश्नको आधारमा सामुदायिक विद्यालयका प्रधानाध्यापकज्यूहरुले छात्रहरुको भन्दा छात्राहरुको संख्यात्मक रुपमा बढी भए तापनि शैक्षिक उपलब्धि न्यून, विद्यालयमा अभिभावकहरु छात्राहरुको बारेमा जानकारी लिन न्यून आउने हुँदा विद्यालयले छात्राहरुका अभिभावकहरुलाई विद्यालयमा आमन्त्रणक गरी उनीहरुका आवश्यकता पूरा गरीदिनका लागि अनुरोध गर्नका साथै विद्यालयले छात्राहरुको लागि प्रदान प्रदान गरिने छात्रवृत्ति विशेष समारोहमा विवरण गरी हौसला बढाउने कार्य गरेको बताउनु भयो भने संस्थागत प्रिन्सीपलज्यूले विद्यालयमा छात्र र छात्राहरुमा कुनै अन्तर नरहेको र अभिभावकहरुले दुवै प्रति बराबरी चासो देखाएको र शैक्षिक उपलब्धीमा पनि कुनै अन्तर नरहेको बताउनु हुँदै विद्यालयमा छात्राहरुले शिक्षक शिक्षिकासँग छात्रहरुले झै खुल्ला रुपमा आफ्नो समस्या नराखेको बताउनु भयो ।

त्यसैगरी लैङ्गिक समानताको बारेमा विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुसँग बुझ्दा अझैपनि हाम्रो समाजमा छोरा सरह छोरीहरुलाई सुविधा नदिएको बताउनु भयो । छोराहरुलाई जतिपनि शिक्षामा खर्च गर्न अभिभावकहरु तत्पर रहेको बताउदै छोरीहरुलाई निश्चित शिक्षामा बञ्चित गरी वैवाहिक जीवनको सुरुवात गरिदिने अवस्था विद्यमान रहेको बताउनु भयो । उत्तर कै क्रममा विद्यालयमा शिक्षक शिक्षिकाहरुले छात्राहरुको समस्याहरुलाई स्वभावैले लजालु र आत्मावल कमजोर हुने हुँदा विद्यालय प्रशासन र शिक्षक शिक्षिकाहरुले उनीहरुको समस्यालाई राम्रोसँग वा गहिरिएर बुझि शिक्षा आर्जन गर्नका लागि प्रोत्साहन गर्नु पर्ने सुझाव पनि व्यक्त गर्नु भयो ।

माथि प्रधानाध्यापक/प्रिन्सीपल र विद्यालय व्यावस्थापन समितिका अध्यक्षकज्यूहरुबाट आएको प्रश्नको उत्तरबाट के स्पष्ट हुन्छ भने हाम्रो समाजमा शिक्षामा लैङ्गिक समानता हुन

सकिरहेको छैन । यसका कारक तत्वहरु अशिक्षा, आर्थिक अवस्था, भौगोलिक बनावट मात्रै नभएर विद्यालय व्यावस्थापन समितिमा कामगर्ने सम्पूर्ण सदस्य एवम् अभिभावकका लागि सबै तह र तप्कामा रहेका महननुभावहरुले विशेष भूमिका निर्वाह गर्नु पर्छ जसको परिर्णाम 'शिक्षामा लैङ्गिक समानता' को नारा सार्थक बन्न सक्छ ।

## ४.२ शिक्षामा लैङ्गिक असमानता हुने कारणहरु

विद्यालय शिक्षामा लैङ्गिक असमानतामा असर पु¥याउने विभिन्न किसिमका तत्वहरु रहेका छन् । ती तत्वहरुका कारणले छात्रा सहभागितामा प्रभाव परेको कुरालाई विभिन्न अध्ययन अनुसन्धानहरुले नकार्न सकिराखेका छैनन् । यस अध्ययनलाई निष्कर्षमा पु¥याउन अभिभावक, विद्यार्थी, शिक्षक, शिक्षिविद् तथा विद्यालय व्यवस्थापन समितिसँग अर्न्तवार्ता र छलफल गरिएको थियो ।

### क) विद्यालयको दुरी तथा भौतिक अवस्था

नेपालको भौगोलिक अवस्थाले शिक्षाक्षेत्र प्रभावित बनेको छ । ग्रामीण क्षेत्रमा विद्यालयको कमी छ र विद्यालयमा भौतिक सूविधा छैन, विद्यालयको दुरी तथा भौतिक अवस्थाका बारेमा अभिभावकसँग प्रश्न गर्दा अध्ययन क्षेत्र सङ्खुवासभा जिल्लाको यातायात सुविधा क्षेत्र भएको कारणले गर्दा विद्यालयको कमी नभएको पाइयो तर विद्यालयमा भौतिक सुविधाको कमी रहेको कुरा सम्पूर्ण अभिभावक तथा छात्र छात्राहरुबाट जनाकारी पाइयो । शिक्षाविद् तथा व्यवस्थापन समितिबाट विद्यालयको कमी नभएको तथा विद्यालय भएर पनि भौतिक सुविधा नभएको जानाकारी पाइयो ।

### ख) अभिभावकको पेशा तथा शैक्षिक अवस्था

नेपाल कृषिप्रधान देश हो । यहाँका धेरे मानिसहरु निराक्षर छन्, त्यसैले गर्दा उनीहरु रोजगारीको अवसरबाट बञ्चित भएका छन् । कृषि पेशामा संलग्न अभिभावकहरुले खेती लगाउने समेमा छोरीहरुलाई काम सघाउन विद्यालय नपठाउने गरेको पाइयो र शिक्षित

अभिभावक कम भएको कारणले गर्दा पढेर के हुन्छ ? के गर्ने ? भन्ने नभएको हुँदा विद्यालय सहभागितामा कमी रहेको पाइयो ।

ग) परिवारको आकार र छिटो विवाह

परिवारको संख्या ठूलो भएकोले अभिभावकले भार बहन गर्न नसकी छोरीलाई छिट्टै विवाह गरिदिएको अध्ययनबाट जानाकारी पाइयो । विवाह पछि पढाईलाई निरन्तरता दिन कठिन भएका कारण छात्राहरुको उपस्थिति कमि हुन गएको पाइयो ।

घ) आर्थिक अवस्था

परिवारको आर्थिक अवस्थाले विद्यालयमा छात्रछात्रा सहभागितालाई असर पुऱ्याएको छ । गरिविको कारण सानै उमेरदेखि काम गर्नु पर्ने अवस्थाले पढाई छोड्न वाध्य छन् । घर परिवार धान्न बालबालिकाले सानै उमेरदेखि बाबुआमासँग भारी बोक्नु पर्ने, गिट्टी कुट्नु पर्ने वाध्यताले गर्दा पढाई प्रभावित भएको छ । साना कक्षामा विद्यार्थी सहभागिता बढी देखिए तापनि माथिल्ला कक्षामा सहभागिता निम्न छ । काम नगरे बेलुका भोकै सुत्नु पर्ने वाध्यता अभिभावकहरु बताउँछन् ।

ङ) सरकारी नीति र असान्दर्भिक पाठ्यक्रम

सरकारले निशुल्क शिक्षा घोषणा गरे तापनि सहभागितामा उल्लेख्य वृद्धि हुन नसकेको देखिन्छ । विद्यालयमा लागु गरिएका पाठ्यक्रम पढेर भोलि रोजगारी प्राप्त गर्न सक्ने अवस्था छैन । शैद्धान्तिक भन्दा व्यवहारीक खालका पाठ्यक्रम लागु भएमा भोलिको रोजगारीको समस्या पर्ने थिएन । यस्ता समस्याले गर्दा आर्थिक अवस्था कमजोर भएका अभिभावकले छोरा छोरीको शिक्षामा लगानी गर्न सकिरहेका छैनन् ।

### ४.२.१ समाजको आर्थिक, सामाजिक, सांस्कृतिक तथा राजनैतिक अवस्थाले शिक्षाको लैङ्गिक समानतामा पारेका प्रभाव

क) आर्थिक प्रभाव

आर्थिक दृष्टिकोणले कृषिमा जीवन निर्वाह गर्दै आइरहेका किसानहरु सिचाइको लागि आकाशे भर पर्नुको साथै फस्टाउदै आएको केरा खेतीको बजार व्यावस्था नहुनु र उद्योग

धन्दाको स्थापना नहुँदा बढ्दै गएको वेरोजगारीका कारण यहाँका अभिभावकहरु दुईछाक टार्नका लागि भजदुर कार्य गर्न वाध्यछन् । जसले गर्दा उनीहरुको सन्तानको शैक्षिक स्तर न्यून रहनुको साथै छोराहरुलाई भन्दा छोरीहरुलाई मजदुरी पेशामा लगाएको पाइयो ।

ख) सामाजिक प्रभाव

यस अध्ययनको क्षेत्रभित्र विभिन्न जातिहरु रहे तापनि जनजातिहरु र दलित जातिको वाहुल्यता भएका नमुना विद्यालयका सेवा क्षेत्रमा देखिन्छ । शिक्षा र आर्थिक अवस्थाले पिछडिएको यस्ता जनजातिहरुमा लैङ्गिक असमानता क्रमिक रुपमा आउको विद्यालयबाट लिइएको शैक्षिक तथ्याङ्कहरुबाट पाइन्छ ।

ग) सांस्कृतिक

यस क्षेत्रमा विभिन्न जनजातिहरुको बसोबास भएको पाइन्छ । आ-आफ्ना जाति अनुसार संस्कृति पनि फरक फरक पाइन्छ । मगर, गुरुङ जातिहरुमा सानै उमेरबाट नाचगान गर्न जान्ने जस्ता कारण सानै उमेरमा विवाह गर्ने गरेको पाइयो । यसमा विद्यालय उमेरका केटीहरुले बढी संख्यामा विवाह गरेको पाइयो जसका कारण शिक्षामा लैङ्गिक असमानतामा प्रभाव परेको पाइन्छ ।

घ) राजनैतिक

नेपालमा रहेको राजनैतिक दलहरुले आ-आफ्ना राजनैतिक दलहरुको संगठन विस्तार गर्नको लागि विद्यालय उमेरका बालबालिकाहरुलाई राजनैतिक पार्टीहरुमा भातृ संगठन सक्रिय बनाउनुका साथै हातहतियार बोकाउने गरेका पाइयो । विद्यालयमा लिइएको शैक्षिक तथ्याङ्क अन्तर्गत विद्यालय छाड्नुमा राजनैतिक कारण विद्यालय छाड्नमा छात्राहरुको संख्या बढी पाइयो । यसबाट के प्रस्ट हुन्छ भने राजनैतिक कारणले गर्दा शिक्षामा लैङ्गिक समानतामा प्रभाव पारेको देखिन्छ ।

## ४.३ शिक्षामा लैङ्गिक समानताका लागि सुधारात्मक उपाय सहित सुझाव पेश गर्न

महिलाहरुलाई शिक्षामा समान अवसर दिनु पर्छ भन्ने अभिप्रायले वि.सं. २०२७ सालमा युनिसेफको आर्थिक सहयोगमा महिलाहरुका निम्ति समान अवसर कार्यक्रम शिक्षा मन्त्रालयबाट सुरु गरिएको थियो । त्यति बेला देखि सुरु भए तापनि सरकारी नीति कडाइका साथ लागु गर्न नसक्दा यसले प्रभावकारी भूमिका निभाउन सकेन र समस्या जस्ताको तस्तै रह्यो ।

विद्यालय शिक्षामा विद्यमान लैङ्गिक विभेदको दुरीलाई अझै साँगुरो बनाइ समानतामा पुऱ्याउन टेवा पुगोस् भन्नाका लागि शिक्षा विभाग अर्न्तगत आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम संचालन हुँदै आएको छ । यस कार्यक्रमले विद्यालय सहभागिता केही वृद्धि भए तापनि जति हुनु पर्ने हो त्यति हुन नसकेको देखिन्छ ।

विद्यालयमा छात्रा सहभागिता वृद्धि गर्नका लागि खासगरी अभिभावक शिक्षाको खाँचो देखिन्छ । शिक्षित अभिभावकहरु आफ्ना छोराछोरीलाई जसरी पनि विद्यालय पठाएर पढाईलाई निरन्तर दिन चाहन्छन् भने अशिक्षित अभिभावकहरुले छोराछोरीलाई विद्यालय पठाउँदा आफुलाई बोझ बढेको अनुभव गर्छन् । त्यसैले गर्दा लैङ्गिक असमानता कम गर्दै लैजान सर्वप्रथम अभिभावक शिक्षाको व्यवस्था गर्नु आवश्यक देखिन्छ । अर्कोतर्फ आर्थिक अभावका कारणले गर्दा कतिपय अभिभावकले छोराछोरीलाई पढाउन नसकेको देखिन्छ । छोरा छोरी मध्ये कसलाई पढाउने त भन्दा अभिभावकहरु सकेसम्म छोरालाई नै विद्यालय पठाउन चाहन्छन् । आर्थिक अवस्था केही राम्रो भएका अभिभावकले छोरालाई संस्थागत विद्यालय र छोरीलाई सामुदायिक विद्यालय पठाउने गरेको पाइन्छ । यसलाई कम गर्न सरकारी स्तरबाट एकै किसिमका विद्यालय संचालन गरी समानता कायम गर्नु पर्ने देखिन्छ ।

माथि उल्लेख गरि सकेको छ कि सरकारी स्तरबाट लैङ्गिक समानता कायम गर्न छात्रवृत्ति कार्यक्रम, महिला शिक्षा कार्यक्रम, महिलालाई शिक्षा आदि सरकारी नीतिहरु तयार भएका छन् । यतिले मात्र छात्रा सहभागितालाई वृद्धि गर्न नसकिएको हुँदा अभिभावकलाई सो-रोजगार तालिम उपलब्ध गराई आयआर्जन वृद्धि गर्नुपर्ने देखिन्छ । अभिभावकको आय आर्जन वृद्धि भएमा उनीहरुले आफ्नो आम्दानी शिक्षा क्षेत्रमा लगाउँछन् र असमानतालाई केही हद सम्म कम गर्न सकिन्छ । सरकारी नीति अन्तर्गत हाल आरक्षणको व्यवस्था

गरिएको छ । त्यसलाई कार्यान्वयन गर्न कडाइका साथ लाग्नु पर्ने देखिन्छ । नीति निर्माण प्रशस्त हुन्छ तर व्यवहारमा त्यति कार्यान्वयन हुँदैन, नीति निर्माण गरी सकेपछि कार्यान्वयन राम्रोसँग गर्नु पर्ने देखिन्छ ।

# परिच्छेद पाँचः

## निस्कर्ष र सुझाव

### ५.१ निष्कर्ष

शिक्षाको उज्यालो घामबाट कुनै पनि बालबालिकाले वन्चित हुन नपरोस् भनेर राज्यले शिक्षालाई विशेष प्राथमिकता दिदै आइरहेको छ । त्यस्तै नेपाल अधिराज्यको संविधान २०४७ होस् वा अन्तरिम संविधान २०६३ ले पनि महिला शिक्षा सम्बन्धमा विशेष व्यवस्था गरेको छ । समाज तथा राष्ट्रको विकासको लागि महिला तथा पुरुष दुवैको शिक्षाको विकास हुनु अपरिहार्य छ । तर नेपालको परिप्रेक्षमा पुरुषको साक्षरता प्रतिशतको तुलनामा महिलाको साक्षरता अझ पनि १७.७ ले कमी भएको देन्छि । परिवारलाई व्यवस्थित रुपले सञ्चालन गर्न छोरा छोरीको पालन पोषण तथा शिक्षा दिक्षामा उचित रेखदेख गर्न एउटी आमा शिक्षित हुन जरुरी छ । यिनै तथ्यलाई मध्यनजर राखी सङ्खुवासभा जिल्लाको “विद्यालय शिक्षामा लैङ्गिक असमानताको स्थिति एक अध्ययन” शीर्षकमा शोधकार्य गर्न लागेको हो । यस शोधकार्यको निश्कर्षबाट विद्यालयमा भर्ना भएका छात्र छात्राहरु तिनीहरुको अभिभावक, शिक्षक, विद्यालय व्यावस्थापन समितिका अध्यक्ष, प्र.अ.ज्यूहरु, शिक्षा विद् तथा नीति निर्माण र कार्यान्वयन कर्ता सम्मलाई फाइदा पुग्ने आशा गरिएको छ ।

यस शोध पत्र अध्ययनमा संखुवासभा जिल्ला खाँदबारी नगरपालिकाका ३ वटा सामुदायिक र २ वटा संस्थागत विद्यालयमा छात्रछात्राहरुको सहभागिता, छात्रछात्राहरुका शैक्षिक उपलब्धी तथा दुवै किसिमका विद्यालय छात्र छात्राहरुको अभिभावकहरुको छोरीहरुको शिक्षा प्रतिको दृष्टिकोण र स्वयम् छात्राहरुको शिक्षा प्रतिको दृष्टिकोण बुझ्ने र हेर्ने प्रयास गरिएको थियो । उपयुक्त उद्देश्य पुरा गर्न यस अध्ययनलाई तीनवटा गा.वि.स.का पाँचवटा विद्यालयमा सिमित गरिएको थियो ।

उक्त विद्यालयहरुबाट कक्षा ९ र १० बाट ५/५ जना छात्रा, २/२ जना छात्र छनौट गरिएको थियो । अभिभावक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र प्र.अ.हरुलाई

नमुनाको रुपमा छनौट गरिएको थियो । नमुना विद्यालयबाट २०६८ देखि २०७० सम्मको छात्रछात्राहरुको सहभागिता (कुल भर्ना, कक्षा छाड्ने, कक्षा दोहोर्‍याउने र उत्तीर्णहुने) पत्ता लगाउन तथ्याङ्क संकलन फारम तयार गरिएको थियो । अभिभावकहरुको शिक्षा प्रतिको दृष्टिकोण बुझ्नको लागि प्रश्नावली तयार गरिएको थियो । माथिका तथ्याङ्क संकलन गर्ने अध्ययन कर्ता स्वयम् अध्ययन क्षेत्रमा गई सबन्धित विद्यालयका प्र.अ.लाई भेटी आवश्यक तथ्याङ्क संकलन गर्ने तथा अवलोकन गर्ने र अर्न्तवार्ता लिने कार्य गरिएको थियो । साथै यस सोधकर्तालाई अगाडि बढाउने क्रममा सबभन्दा अगाडि गरिएका सम्बन्धित अध्ययनहरु सम्बन्धित अध्ययनहरु, पत्रपत्रिकाहरु, विभिन्न सेमिनारहरुलाई पुनरावलोकन गरिएको थियो ।

यसैगरी तथ्याङ्कलाई विश्लेषण गर्ने क्रममा जनगणना २०६८ लाई आधार मानिएको थियो । जस अनुसार नेपाल अधिराज्यमा महिलाको संख्या पुरुषको भन्दा बढी भए तापनि साक्षरता कम रहेको पाइयो । त्यसैगरी नुमनाको रुपमा छनौट गरिएका विद्यालयहरुबाट २०६८ देखि २०७० सम्मको कुल विद्यार्थी, विद्यालय छोड्ने र दोहोर्‍याउने विश्लेषण गरिएको थियो । जस अनुसार विद्यालयहरुमा छात्राहरुको भन्दा छात्रको भर्नादर बढी देखिए तापनि सामुदायिक विद्यालयमा छात्रा बढी भर्ना र संस्थागतमा छात्रा कम भर्ना भएको पाइयो । यसरी संस्थागत विद्यालय छात्राछात्रको भर्नादरमा ठूलो अन्तर देखियो । विद्यालय उपस्थिति भने संस्थागत विद्यालयमा बढी देखियो । यसरी सामुदायिक विद्यालयमा छात्राहरुको भर्ना संस्थागतको तुलनामा बढी हुनुमा अभिभावकको न्यून आर्थिक अवस्था, धेरै सन्तान हुनु, संस्थागत विद्यालयमा शैक्षिक शुल्क महंगो हुनु जस्ता कारणहरु जिम्मेवार रहेको पाइयो । त्यसैगरी विद्यालय छाड्ने प्रतिशतमा छात्रको बढी देखिन्छ । यसो हुनुमा अभिभावकको आर्थिक अवस्था कमजोर भएको कारण छात्रहरु पढ्न छोडी काम गर्न लागेको देखिन्छ ।

यस शोधपत्र अध्ययनमा संखुवासभा जिल्ला खाँदबारी नगरपालिकाका ३ वटा सामुदायिक विद्यालय र २ वटा संस्थागत विद्यालयमा छात्रालाई सहभागिता छात्रछात्राको शैक्षिक उपलब्धी तथा दुवै किसिमका विद्यालय छात्र छात्राहरुको अभिभावकहरुको छोरीहरुको शिक्षा प्रतिको दृष्टिकोण स्वयं

छात्राहरुको शिक्षा प्रतिको दृष्टिकोण छात्रासहभागितामा असर पुऱ्याउने तत्वहरु बुझ्ने र हेर्ने प्रयास गरिएको थियो । यस अध्ययनबाट निम्न कुराहरु पाइएका छन् ।

१. संस्थागत र सामुदायिक विद्यालयमा गरिएको यस अध्ययनमा संस्थागत विद्यालयमा छात्राहरु छात्रको तुलनामा कम भर्ना हुनु ।
२. सामुदायिक विद्यालयमा छात्रको तुलनामा छात्रा बढी भर्ना भएको देखियो ।
३. अभिभावकहरुले छोरीलाई भन्दा छोरालाई शिक्षामा बढी लगानी गरेको देखिन्छ ।
४. छोरीहरुलाई विद्यालय पढाउने तर भविष्यमा उनीहरुको लक्ष्य केही देखिएन । छोराहरुलाई भविष्यमा डाक्टर, इन्जिनियर र अन्य सरकारी सेवामा प्रवेश गराउने लक्ष्य देखिन्छ । यसले गर्दा शिक्षामा लैङ्गिक असमानता कम हुँदै गए पनि त्यसको पूर्ण समाधानहुन अझै केही समय लाग्ने देखिन्छ ।
५. छात्राहरुको स्वभाव केही लगालु हुनेहुँदा विद्यालयमा आफूले नबुझेकाकुरा नत गुरुसँग सोध्ने नत अभिभावकसँग सोध्ने यसले गर्दा उनीहरुको शिक्षामा गुणस्तर बढ्न नसकेको देखिन्छ ।
६. आफूले नबुझेका विषयवस्तुलाई प्रष्ट शिक्षकसँग राख्न सक्ने वातावरण विद्यालयमा शिक्षक शिक्षिकाले बनाउनु पर्ने देखिन्छ ।

सरकारी तवरबाट लैङ्गिक असमानता कम गर्न विभिन्न कार्यक्रम संचालन गरे तापनि त्यसको प्रभावकारीता जुनरुपमा हुनु पर्ने हो हुन नसकेको देखिन्छ । सरकारी नीति निर्माण गर्ने त्यसको कार्यान्वयन पक्ष अत्यान्तै कमजोर भएको कारण बालबालिकाको सहभागितालाई बढाउन सकेको देखिदैन । छात्रवृत्ति कार्यक्रम प्रभावकारी रुपमा संचालन हुन नसकेको देखिन्छ ।

यस अध्ययनको प्राप्तीको आधारमा निम्न निष्कर्षमा पुग्न सकिन्छ । सम्बन्धित साहित्यको पुनरावलोकनबाट अध्ययनलाई अगाडी बढाउन सहयोग पुगेको थियो । हाम्रो समाजमा छोराछोरीबीच व्यवहारीक भेदभाव कायमै छ । सामाजिक संस्कार मुल्य मान्यता तथा गरिविले गर्दा पनि छोरीहरुलाई पढाउने र आत्म निर्भर बनाउनेमा ध्यान दिन नसकेको पाइन्छ । विद्यालय शिक्षामा समान अवसर पाएका छात्राहरुले पनि छात्रको तुलनामा बढीमात्रामा असफल भएको पाइन्छ । अर्काको घर जानु पर्ने, घर धन्दामा लाग्नु

पर्ने कारणले शिक्षामा ध्यान दिन सक्दैनन् । सामुदायिक विद्यालयमा छात्रा भर्ना बढी देखिन्छ भने संस्थागत विद्यालयमा कम देखिन्छ । संस्थागत विद्यालयको तुलनामा सामुदायिक विद्यालयको शैक्षिक उपलब्धी कम देखिएको छ । त्यसले गर्दा छात्राहरुको शैक्षिक उपलब्धी कमै देखिन्छ । छात्राहरुको शैक्षिक उपलब्धी बढाउन अभिभावकहरु सचेत रहनु पर्ने देखिन्छ ।

१. राज्यले सबैका लागि समान शिक्षा भनेर घोषणा गरे तापनि यो व्यवहारमा प्रयोग भएको देखिदैन ।

२. अभिभावकहरु छोरा छोरी सबैलाई शिक्षाको उज्यालोबाट वञ्चित गरिनु हुन्न भने पनि व्यवहारमा प्रयोग भएको देखिदैन ।

३. विद्यालय भर्ना, विद्यालय छाड्ने र विद्यालय उपस्थितिमा केटा र केटीमा भिन्नता छदैछ साथै सामुदायिक र संस्थागत विद्यालयका केटा/केटीहरुमा पनि यो भिन्नता कायमै देखिन्छ । यसो हुनुको पछाडी अभिभावकको अशिक्षा, चेतनाको कमी जिम्मेवार रहेको देखिन्छ ।

४. नेपाल एक गरिव राष्ट्र हो । अध्ययन क्षेत्रमा पनि अधिकांश अभिभावकको आम्दानी नभएको हुँदा बालबालिकाहरु शिक्षाबाट बञ्चित रहेका छन् ।

५. गरीव वर्गको छोराले समेत शिक्षामा अवसर नपाएको अवस्थामा झन् छोरीले पाउने त कुरै भएन जवकी नेपालमा गरिवीको प्रतिशत नै बढी छ ।

६. अध्ययन क्षेत्र नगर विकास भैसकेको र नगरपालिका उन्मुख हुनुका साथै कलकारखाना, शिक्षा, स्वास्थ्य सञ्चार यातायात इत्यादीको विकास भएको हुनाले शिक्षाको पहुँच बढी नै देखिन्छ । विद्यालय शिक्षामा पनि केटा केटी वीच धेरै अन्तर देखिएको छैन ।

७. अभिभावकको धारणा र सोचाइमा परिवर्तनको साथै राज्यले सवैका लागि एकै किसिमको समानस्तरीय शिक्षा प्रणाली लागु गर्नुका साथै सामुदायिक विद्यालयमा पढाइको गुणस्तर उकास्ने नीति निर्माणको साथै कडाइका साथ कार्यान्वयन गर्नु पर्ने देखिन्छ ।

## ५.२ सुझाव

१. नीतिगत तहका लागि

क. महिलाहरुलाई शिक्षामा समान अवसर भन्ने सरकारको शैक्षिक नीति भए तापनि कार्यान्वयन पक्ष कमजोर देखिन्छ। त्यसैले शैक्षिक नीति कडाइका साथ लागु गरिनु पर्ने र सबै नेपालीका छोरीहरुले छोरा सरह समान किसीमको शिक्षा प्राप्त गर्ने बातावरण सृजना गर्नु पर्छ।

ख. छोरीको शिक्षा प्रतिको सामाजिक सोचाइमा परिवर्तन गर्नका लागि समुदाय तथा संघसंस्थाहरुको सहयोगमा बेलाबेलामा जनचेतना मुलक कार्यक्रम संचालन गरिनु पर्छ। यस अन्तर्गत रेडीयो नेपाल तथा नेपाल टेलीभिजनबाट यस्ता कार्यक्रम तथा नाटकहरु बारम्बार प्रशारण गरिनु पर्ने र गाउँगाउँमा सडक नाटक गरिनु पर्छ।

२. कार्यान्वयगतहका लागि

२.१. जिल्ला शिक्षा कार्यालयका लागि

१. लैङ्गगिक मैत्री विद्यालय व्यवस्थापनमा जोड गरिनु पर्दछ।

२. लैङ्गगिक मैत्री विद्यालय व्यवस्थापनमा जोड गरिनु पर्दछ।

३. स्थानिय पाठक्रममा लैङ्गिक सचेतना सम्बन्धि विषय वस्तुहरुलाई प्राथमिकताहित अभिप्रेरित गरिनु पर्दछ।

२.२. विद्यालयका लागि

१. लैङ्गिक सचेतना अभिबृद्धि गर्न अभिभावकहरुलाई परामर्श गर्नु पर्दछ।

२. स्यानिय पाठ्यक्रममा यस सम्बन्धि विषयवस्तुहरु समाविष्ट गरिनु पर्दछ।

३. लैङ्गिक रुपमा विभेद जनाउने असमान सामाजिक व्यवहारहरुलाई सामाजिक सचेतना सम्बन्धि।

४. कार्याक्रमहरु समुदायिक सञ्चालन गरिनु पर्दछ। विद्यालयमा हुने लैङ्गिक विभेदीकरण सम्बन्धि व्यवहारहरुलाई हटाउने सहयोग पुग्ने क्रियाकलापहरु गरिनु पर्दछ।

३. शिक्षकको लागि सुझाव

१. शिक्षक शिक्षिकाहरुले छात्राछात्रहरुलाई समाज व्यवहार गरिनु पर्छ ।

२. समाजमा महिलाहरु पछाडी परेको हुँदा शिक्षक शिक्षिकाहरुले छात्रालाई शिक्षामा विशेष प्राथमिकता दिनु पर्छ ।

४. सम्बन्धित अभिभावकको लागि

१. अभिभावकले छोराछोरीलाई समान व्यवहार गरेको देखिदैन । छोराछोरीलाई समाज व्यवहार गरिनुका साथै शैक्षिक बातावरण तयार गर्नु पर्छ ।

२. छोराछोरीलाई शिक्षा दिदा विना उद्देश्य दिएको देखिन्छ । अभिभावकले बालबालिकालाई विद्यालय पठाउँदा देखिनै निश्चित उद्देश्य राखेर उनीहरुको पढाईलाई निरन्तरता दिएमा असमानता कम हुँदै जाने देखिन्छ ।

३. छोराछोरी दुबैलाई समान किसिमको शिक्षा प्रदान गर्नु पर्ने देखिन्छ । छोरालाई समान छोरीलाई पनि शिक्षामा लगानी गर्न तयार हुनुपर्छ ।

४. अभिभावकहरु समय समयमा विद्यालयमा गई आफ्नो छोराछोरीको सम्बन्धमा जानकारी लिनुपर्छ । छोराछोरीलाई विद्यालय पठाए पुग्छ भन्ने विचारमा परिवर्तन गर्नु पर्छ ।

५. संस्थागत विद्यालयमा अभिभावक शिक्षित भएको हुँदा बालबालिकाको शिक्षामा बढी सचेत रहेको देखिन्छ भने सामुदायिक विद्यालयको अभिभावक प्रायजसो अशिक्षित भएको कारण बालबालिकाको शिक्षामा सचेत रहेको पाइएन । त्यसैले गर्दा अभिभावक शिक्षा कार्यक्रम संचालन गरी अभिभावकहरुलाई शिक्षित बनाउनु पर्छ ।

५.४ अनुसन्धानतहका लागि

यो विषयमा व्यापक अध्ययन गरी आवश्यक कुराहरुमा पूर्णता प्राप्त गर्न समय, स्रोत, साधनले समेत नभ्याइएको हुनाले अझ थप अध्ययनको आवश्यकता देखिन्छ । तसर्थ यस विषयमा केही विषयको अध्ययन गर्दा राम्रो हुने भएको हुनाले निम्न शिर्षकमा अध्ययन गरे विषयको गहिराइमा र ठोष निष्कर्षमा पुग्न सक्ने विश्वास छ ।

१. अभिभावक शिक्षाको कमिले लैङ्गिक समानतामा पारेको प्रभाव ।

२. बालिका शिक्षामा अभिभावकहरुको न्युन लगानीका कारणहरु

३. विद्यालय शिक्षामा छात्राहरुको न्यून उपस्थितिका कारणहरु ।

# सन्दर्भ सामग्री


अधिकारी, विष्णु प्रसाद (२०७०), *मा.वि. तहको अध्यापन अनुमतिपत्र परीक्षा दर्पण,* काठमाण्डौ : आशिष पुस्तक भण्डार बागबजार ।

आचार्य, बलराम (२०५८) *अनुसन्धान विधि र प्रतिवेदन लेखन,* काठमाण्डौं नेशनल बुक सेन्टर ।

आचार्य, बाबुराम (२०१०), *समाजशास्त्र र मानव शास्त्रमा सैद्धान्तिक दृष्टिकोण,* काठमाण्डौं नेशनल बुक, सेन्टर ।

ओझा, नेत्र (२०६३), *समाजका ढाँचा,* काठमान्डौ : एकेडेमिक बुक सेन्टर किर्तिपुर ।

कोइराला, विद्यानाथ र चन्द्रबहादुर श्रेष्ठ (२०५९), *शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार,* काठमाण्डौं : विद्यार्थी पुस्तक भण्डार भोटाहिटी ।

घिमिरे, गोमा (२०६१), *सामुदायिक र संस्थागत माध्यमिक विद्यालमा छात्राहरुको सहभागिता,* काठमाण्डौं अप्रकासित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

घिमिरे, चेतनाथ *(२०६३), लौङ्गिक हिसां विरुद्धको न्याय, सोपान मासिक,* काठमाण्डौ : मकालु प्रकाशन गृह डिल्लीबजार ।

ढकाल, माधव प्रसाद र मातृका प्रसाद कोइराला (२०६४) *शिक्षाका आधारहरु,* काठमाण्डौं रत्न पुस्तक भण्डार मोटाहिटि ।

नारी र शिक्षा (२०६३), *अर्न्तराष्ट्रिय शैक्षिक मञ्च,* काठमाण्डौ : अर्न्तराष्ट्रिय मञ्च छापाखाना प्रा.लि. ।

पौडेल, तुलसीराम (२०६८), *लौङ्गिक अध्ययनको रुपरेखा,* काठमाण्डौ निमा प्रकाशन, पुतली सडक ।

प्रधान, भुवनेश्वर (२०६०), नेपालमा महिला शिक्षा : एक चर्चा सचेतना त्रैमासिक, (असोज)

भट्ट, भिमदेव (२०५७), लैङ्गिक समानता र महिला शशक्तिकरण, *अन्तराष्ट्रिय मञ्च* काठमाण्डौ : अर्न्तराष्ट्रिय मञ्च छापाखाना प्रा.लि. ।

मरासिनी, शान्ता (२०६३), लौङ्गिक असमानता, *नारी मासिक पत्रिका,* काठमाण्डौ : कान्तिपुर पब्लिकेसन प्रा.लि. ।

मरासिनी, शान्ता (२०६४), *पुरुष प्रधान समाजमा महिला शशक्तिकरण,* नारी मासिक पत्रिका, काठमाण्डौ : कान्तिपुर पब्लिकेसन प्रा.लि. ।

महिला शिक्षा (२०६०), *बदलिदो परिवेश भित्र महिला तथा बालबालिका,* पुतली सडक, काठमाण्डौं : मकालु बुक्स एण्ड स्टेशनर्स डिल्लीबजार ।

*विद्यालय प्रवेशिका परीक्षाको तथ्याङ्क* (२०५८), नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालय, शिक्षा विभाग, सानोठीमी ।

शर्मा, गोपिनाथ (२०५८), *नेपालमा शिक्षा आयोगका प्रतिवेदनहरु,* काठमाण्डौं : मकालु बुक्स् एण्ड स्टेशनर्स डिल्लीबजार ।

शिक्षा ऐन (२०२८), *केही नेपाल संसोधन गर्ने ऐन : २०६३,* काठमाण्डौ : शीतल-सुलभ प्रकाशन ।

शिक्षा नियमावली (२०५९), *तेस्रो संसोधन २०६२,* काठमाण्डौ : एजुकेशनल चित्रण प्रकाशन ।

सबैका लागि शिक्षा, (२०६०) *यूनेस्को बुलेटिन,* काठमाण्डौं विश्वव्यापि अभियान सप्ताह ।

सुवेदी प्रतिमा (२०५९), *महिला पुरुष समविकासको आधार,* काठमाण्डौं नारी चेतना केन्द्र ।

श्रेष्ठ, चन्द्रबहादुर (२०५८), *शिक्षाको परिचय-११,* काठमाण्डौ : भुडीपुराण प्रकाशन, ।

हुमागाई, निर्मला (२०६४), *अन्तर वैकं स्मारिका,* काठमाण्डौं अन्तर वैकं कर्मचारी संघ, नेपाल ।

ज्ञवाली, गोपाल (२०६३), शिक्षामा लैङ्गिक असमानताको एक अध्ययन अप्रकाशित स्नातकोत्तर शोधपत्र नवलपरासीः पुर्वाञ्चल विश्वविद्यालय, लुम्विनी आदर्श डिग्रीकलेज ।

# अनुसूची एकः

## विद्यार्थी भर्ना अभिलेख

विद्यालयको नाम ठेगाना

| साल २०६८ | कूल भर्ना | | अन्तिम परीक्षामा सम्मिलित | | नियमित वि.संख्या ७० प्रतिशत भन्दा बढि | | विद्यालय छोड्ने वि.संख्या | |
|---|---|---|---|---|---|---|---|---|
| कक्षा | ९ | १० | ९ | १० | ९ | १० | ९ | १० |
| छात्रा | | | | | | | | |
| प्रतिशत | | | | | | | | |
| छात्र | | | | | | | | |
| प्रतिशत | | | | | | | | |
| कुल | | | | | | | | |
| २०६९ | | | | | | | | |
| छात्रा | | | | | | | | |
| प्रतिशत | | | | | | | | |
| छात्र | | | | | | | | |
| प्रतिशत | | | | | | | | |
| कुल | | | | | | | | |
| २०७० | | | | | | | | |
| छात्रा | | | | | | | | |
| प्रतिशत | | | | | | | | |
| छात्र | | | | | | | | |
| प्रतिशत | | | | | | | | |
| कुल | | | | | | | | |

## अनुसूची दुईः

## अभिभावकहरुको लागि प्रश्नावली

| | |
|---|---|
| अभिभावकको नाम : | बच्चाको नाम : |
| शैक्षिक योग्यता : | छोरा : |
| पेशा : | छोरी : |

१. तपाईका छोरा छोरी कति छन् ?

क) छोरा ........... ख) छोरी ............

२. स्कुल जाने उमेरका छोराछोरी कति छन् ?

क) छोरा .......... ख) छोरी

३. छोरीलाई कस्तो विद्यालयमा पढाउनु पर्छ जस्तो लाग्छ ?

क) सामुदायिक ख) संस्थागत

४. घरको काममा छोराछोरी मध्ये कसले बढी काम लगाउनु हुन्छ ? र किन ?

...........................................................................................................

.. ।

५. तपाईका छोरा छोरीले स्कुल जान छोडेका छन् ? छाडेका छन् भने छोराले छाडेका छन् कि छोरीले र किन ?

...........................................................................................................

....।

६. छोरीका प्रगतिको बारेमा विद्यालयमा गएर बुझ्ने गर्नुभएको छ कि छैन ? यदि छ भने किन जानु हुन्छ र छैन भने किन जानु हुन्न ?

...........................................................................................................

....।

७. छोरीले विद्यालयमा नबुझेको कुरा घरमा आएर सोध्ने गर्दछिन कि गर्दिनन् ? यदि सोध्छिन भने सिकाउने गर्नु भएको छ कि छैन ?

.......................................................................................................

....।

८. छोरीहरु गृहकार्य गर्नुछ वा पढ्नुछ भनेर कपि किताब समाएर बस्दछन् कि बस्दैनन् ? त्यति बेला तपाईलाई कस्तो लाग्छ ?

.......................................................................................................

....।

९. छोरीबाट कस्तो व्यवहारको अपेक्षा गर्नु भएको थियो ? अहिले त्यो व्यवहारबाट सन्तुष्ट हुनुहुन्छ कि छैन ?

.......................................................................................................

....।

१०. मनोरञ्जनात्मक र अन्य क्रियाकलाप शैक्षिक भ्रमण, विकसित खेलकुद, टि.भी./सिनेमामा सहभागी हुन कतिसम्म छुट दिनु भएको छ वा छैन ? उनीहरुको कस्तो किसिमको आवश्यकता बढी मात्रामा पूरा गरिदिनु हुन्छ र किन ?

.......................................................................................................

....।

११. तपाईको छोराछोरी पढ्ने विद्यालय कति टाढा पर्दछ ?

.......................................................................................................

....।

१२. विद्यालयको भौतिक सुविधा कस्तो छ ?

.......................................................................................................

....।

१३. तपाईको छोरीले उच्चशिक्षामा कुन क्षेत्रमा अध्ययन गर्ने चाहना राख्दछिन् ?

.......................................................................................................

....।

१४. विविध

.......................................................................................................

....।

# अनुसूची तीनः

## कक्षा अवलोकन फारम

अवलोकन कर्ताको नाम : मिति :

अवलोकन बिधि : कक्षा :

विषय :

छात्राहरुको व्यवहार :

कक्षाको सुरुवात :

शिक्षकहरुलाई पर्खेर स्वागत गर्ने ।

घण्टी लाग्दा पनि कक्षाभित्र नआउने ।

शिक्षक कक्षामा आएको वास्ता नगर्ने ।

उक्त विषयको किताव निकाली पढेर बस्ने ।

छात्राको क्रियाकलाप :

शिक्षकको प्रस्तुतिलाई ध्यानपूर्वक सुन्ने ।

साथीसँग गफ गर्ने, बाहिर हेर्ने ।

विषयवस्तु भन्दा बाहिरका कुरा हरेर बस्ने ।

नबुझ्ेका कुरा तुरुन्तै सोध्ने ।

शिक्षकलाई सहयोग गर्ने, अनुशासनमा बस्ने ।

शिक्षकले दिएको कक्षाकार्य तुरुन्तै गर्ने नगर्ने ।

साथीहरुलाई सहयोग गर्ने, अर्को विषयको गृहकार्य गर्ने ।

शिक्षकले पढाएको नोट गर्ने ।

प्रश्नोत्तर :

विषयवस्तुसंग सान्दर्भिक प्रश्न गर्ने ।

विषयवस्तुभन्दा बाहिरको प्रश्न सोधेर शिक्षकलाई अप्ठ्यारो पार्ने ।

प्रश्नहरु बारम्बार गर्ने, कहिलेकाही गर्ने, गर्दै नगर्ने ।

शिक्षकले सोधेको प्रश्नको उत्तर दिन नबोली चुप लागेर बस्ने ।

गृहकार्य :

नियमित गर्ने, कहिलेकाही नर्गे, सँधै गर्ने ।

# अनुसूची चारः

## शैक्षिक उपलब्धि फारम

विद्यालयको नाम : साल :

कक्षा :

| क्र.सं. | छात्राहरुको नाम | उपलब्धि अंक | | | | उमेर | अभिभावक |
|---|---|---|---|---|---|---|---|
| | | नेपाली | अंग्रेजी | गणित | विज्ञान | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

# अनुसूची पाँचः

## छात्राको लागि प्रश्नावली

१. घरमा दाजुभाइ, दिदीबहिनी कति छन् ? उनीहरु कस्तो विद्यालयमा जान्छन् ?

| क्र.सं. | उमेर | विद्यालय जाने | | | | विद्यालय नजाने | |
|---|---|---|---|---|---|---|---|
| | | सामुदायिक | | संस्थागत | | | |
| | | केटा | केटी | केटा | केटी | केटा | केटी |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

२. घरमा के के काममा तिमीले कत्तिको सघाउनु पर्छ ? दाजुभाइले घरको कस्तो काममा सघाउछन् ?

३. घरको कामले गर्दा विद्यालय नआएको दिन छ कि छैन ? यदि छ भने कस्तो कमले घरमा बस्नुपर्छ ? दाजुभाइ पनि बस्छन् कि तिमी मात्र बस्छौ ?

४. दाजुभाइको तुलनामा घरमा तिमीलाई पढ्नको लागि कति समय उपलब्ध हुन्छ ?

५. तिम्रो अभिभावकहरुले शैक्षिक आवश्यकता र अन्य आवश्यकता कति पूरा गरिदिनु हुन्छ?

६. साथीसंग घुम्न, शैक्षिक भ्रमण गर्न जान दिनु हुन्छ कि हुँदैन ?

७. छोरीलाई पढ्न पर्छ भनेर हौसला दिनुहुन्छ कि काम सिक्नुपर्छ भनेर काममा लगाउनु हुन्छ ?

८. के विद्यालयमा शिक्षकहरुले केटा र केटीलाई समान व्यवहार गर्नुहुन्छ ?

९. विविध

## अनुसूची छः

## शिक्षकका लागि अन्तर्वार्ता प्रश्नावली

१. तपाईको विद्यालयमा छात्र र छात्रा कुनको संख्या बढी छ ?

.............................................................................................।

२. अभिभावकहरुले छात्रा/छात्र कसको बारेमा बढि चासो राख्दछन् ?

.............................................................................................।

३. विद्यालयमा छात्र/छात्रा को नियमित आउने गर्दछन् ?

.............................................................................................।

४. छात्राहरुको विद्यालय छाड्ने प्रतिशत कस्तो छ ?

.............................................................................................।

५. छात्राहरुको छात्रको तुलनामा शैक्षिक उपलब्धि कस्तो रहेको छ ?

.............................................................................................।

६. छात्राहरुले विद्यालयमा दिइएको गृहकार्य पुरा गर्छन् कि गर्दैनन् ?

.............................................................................................।

७. छात्राहरु कक्षा कोठामा अनुशासन कत्तीको पालन गर्दछन् ?

.............................................................................................।

८. शिक्षाको लैङ्गिक असमानताका कारक तत्वहरु के के ठान्नु हुन्छ ?

.............................................................................................।

# अनुसूची सातः

## अध्ययन गरिएका सम्बन्धित विद्यालयहरु

सामुदायिक विद्यालय

१. श्री वागिश्वरी माध्यमिक विद्यालय,  खाँदबारी-१२, ढुङ्गेधारा

२. श्री आर्दश विद्या मन्दिर, खाँदबारी-११, पाठकगाउँ

३. श्री आर्दश माध्यमिक विद्यालय, खाँदबारी-११, पिप्ले

संस्थागत विद्यालय

१. सूर्य आवशिय माध्यमिक विद्यालय, खाँदबारी-१

२. बरुण सेकेण्डरी इङ्लिस स्कूल, खाँदबारी-११

## अनुसूची आठः

## प्रअ. एवं वि. व्य. स. का लागि प्रश्नावली

१. विद्यालयमा लैङ्गिक असमानताको स्थिति कस्तो छ ?

...........................................................................................................................

... ।

२. लैङ्गिक समानता कायम गराउन विद्यालयले के कस्तो भुमिका अपनाउनु पर्ला ?

...........................................................................................................................

....।

# अनुसूची नौः

## शिक्षा विद्हरुका लागि प्रश्नावली

१. राष्ट्र विकासका लागि लैङ्गिक समानता सम्वन्धी तपाईको धारणा कस्तो छ ?

...................................................................................................


..।

२. लैङ्गिक समानताका लागि राष्ट्रको कस्तो भुमिका हुनुपर्दछ ।


...................................................................................................

.।

अनुसूची दशः


Khandbari N.P Ward Map
N
S
W
E
Mangtewa
Didiing
Matsyapokhari
Sitalpati
Dhupu
Syabun
Bana
Chainpur
Baneswor
Kharang
Bhotebas
5
Mulgaun
Sekaha
6
Lapse
Arunthan
Mathillo Malta
Sagam
4
8
9
Pangma
Tallo Malta
Pangthi
7
Majhgaun
3
Manebhanjyang
Khandbari N.P.
10
Nayabazar
Chewa
2
Khandbari
1
Ramche
Piple
11
Dandagaun
Dhungedhara
12
Gairigaun
Tumlingtar
13
Legend
Khandbari N.P. Villages
Khandbari N.P. Boundary
VDC Boundary
District Boundary
Dated: 20 february, 2015
0 0.5 1 2 Kilometers

अनुसूची एघारः


Khandbari N.P Population Distribution
N
W
E
S
5
760
882
6
322
362
9
666
778
4
598
702
7
340
405
8
393
436
3
1391
1530
2
776
955
10
1540
1665
1
2334
2287
11
1315
1415
12
786
899
13
1259
1505
Legend
Khandbari N.P
Legend
Sankhuwasabha
Legend
Khandbari N.P Boundary
Pie Chart
Male
Female
0
1,200
2,400
4,800 Meters
Dated: 15 March, 2015
Prepared by:Bikash Ojha, ICTV, Khandbari Municipality Office